**बचत गरौं, उद्यमशील बनौं**
- बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं,
- आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
- त्यस्तो बचत भविष्यमा आपत्कालीन तथा ठूला खर्चहरू टार्न,
- व्यापार–व्यवसाय प्रारम्भ गर्न,
- सन्ततिका लागि शिक्षा, स्वास्थ्यलगायतका काममा प्रयोग गर्न,
- स्वावलम्बी र आत्मनिर्भर बन्न मदत गर्छ।

त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक २७ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 November 12 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७४

# नेतालाई जेलमा बस्न नदिने उद्देश्यले रातारात सत्ता परिवर्तन भएको अध्यक्ष थापाको आरोप

प्रस, वीरगंज, २६ कात्तिक/
राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले जेलमा बस्नुपर्ने डरले रातारात सत्ता परिवर्तन गरी सिंहदरबारमा बसेका नेताहरूको कारण सिङ्गो देश सङ्कटको भुमरीमा फस्दै गइरहेका बताएका छन्।





तस्वीर: प्रतीक

वीरगंजमा आयोजित दुई दिने तराई–मधेस राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै अध्यक्ष थापाले केही दलका नेताहरूका कारण सिङ्गो मुलुक भ्रष्टाचारमा डुब्दै जानु अहिलेको व्यवस्था मूल कारक रहेको बताए।

हिन्दू राज्य समाप्त गरी सङ्घीय प्रणालीको व्यवस्था लागू गर्ने दलहरूका नेताहरू अर्बौं रुपियाँ लुटिरहेका छन्। तर देशको जनता गरीब बन्दै जानु मुलुकमा गलत अभ्यासको परिणाम भएको थापाको भनाइ थियो।

राजतन्त्र फलेर देशलाई धनी बनाउने, गरीबीको रेखामुनि रहेको जनताको जीवनस्तर उकास्ने जस्ता नारा लगाएर मुलुकको व्यवस्था परिवर्तन गरी गणतन्त्र ल्याएका नेताहरू अहिले लुकेर बसिरहेको उनले आरोप लगाए। अध्यक्ष थापाले भने, "दैनिक देशका हजारौं युवा विदेश लागिरहेका छन्। यहाँको जनशक्ति विदेशमा पुगी त्यहाँको विकास गरिरहेको छ। अनि यो मुलुकको विकास कसरी हुन्छ ?"

मिटरब्याजी, सहकारीपीडित जनता सडकमा नाराबाजी गर्दैछ भने नेताहरू सिंहदरबारमा बसेर लुट्ने योजना बनाइरहेको थापाको आरोप थियो। उनले नेपाली जनतालाई दास बनाएर सत्ताको मज्जा लुट्ने नेताहरूलाई नेपाली जनताले तह लगाउने बताए।

अध्यक्ष थापाले नेपाली काङ्ग्रेस तथा नेकपा (एमाले) चुनावामा एकअर्काविरुद्ध लड्ने, त्यसपछि सत्ताको लागि मिलेर सरकार चलाउने गर्दा मुलुकमा भ्रष्टाचार बढेको आरोप लगाए। संसारमा नभएको भ्रष्टाचार नेपालमा हुने गरेको उनको कथन थियो।

जनतालाई भुटानी शरणार्थी बनाइ विदेश पठाउने कार्य गरी मानव तस्करीको आरोप लागेका नेताहरूको संसद्मा सभ्य कुरा सुनेर आफू दङ्ग पर्ने गरेको बताए।

कार्यक्रममा पार्टी उपाध्यक्ष धीरेन्द्र झा 'मैथिल'ले भ्रष्टाचारी नेताहरूलाई सत्ताबाट हटाउन आन्दोलन आवश्यक रहेको बताए। उनले बङ्गलादेशमा भएको घटना नेपालमा पनि चाँडै दोहोरिने र यसको लागि जनतालाई तयार रहेको जिकिर गरे।

वरिष्ठ उपाध्यक्ष राजीव पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा रामनरेश यादव, दीपेन्द्रबहादुर सिंह, शम्भु चौरसिया लगायतले मन्तव्य व्यक्त गरेका थिए।

कात्तिक २६–२७ गतेसम्म चल्ने अधिवेशनमा तराई–मधेसका २२ जिल्लाबाट नेता, कार्यकर्ताहरू सहभागी छन्।

# बकैया खोलाको जथाभावी उत्खननले पुल, ड्याम जोखिममा

प्रस, निजगढ, २६ कात्तिक/
निजगढस्थित बकैया खोलाको अत्यधिक उत्खननले पुल र आसपासका बस्ती संरक्षणका लागि निर्माण गरिएको पक्की ड्याम भत्किएको छ। निजगढ नगरपालिकाले बर्सेनि खोलाको करोडौं मूल्यमा टेन्डर लगाउँदै आइरहे पनि संरक्षणको पाटोमा ध्यान नदिंदा यस्ता संरचनाहरू भत्किने क्रम जारी छ।



बकैया खोलाको अत्यधिक उत्खननका कारण पक्की ड्याम भत्किंदै। तस्वीरः जीतलाल श्रेष्ठ

खोलाबाट नदीजन्य पदार्थ (दहत्तर बहत्तर) ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवाको मापदण्डविपरीत अवैध उत्खनन गर्दा यस्तो असर परेको हो। निजगढ नगरपालिकालाई खोलाको ठेक्का लगाउन पाउने कानूनी अधिकार रहे पनि संरक्षणको जिम्मेवारी पनि उत्तिकै रहेको छ। ठेकेदारद्वारा मापदण्डविपरीत नदीजन्य पदार्थको जथाभावी उत्खनन हुँदा पनि निजगढ नगरपालिकाले बेवास्ता गर्दा बर्सेनि पुल र ड्याममा क्षति पुगिरहेको छ।

यस वर्षको बाढीले वडा नं ९ स्थित आर्यघाट उच्च कटानमा परेपछि निजगढ नगरपालिकाले तत्काल रोकथामको प्रयास गरेपछि आर्यघाट बगर हुनबाट जोगिएको छ। निजगढ नपाका प्रमुख सुरथ पुरीले तत्कालै सशस्त्र प्रहरी नेपाल विपद् व्यवस्थापन सुरक्षा निजगढ बेसलाई जानकारी गराएपति बोरामा बालुवा भरेर आर्यघाट क्षति हुनबाट जोगिएको हो। जथाभावी उत्खननले संरक्षणका लागि लगाइएको तारजाली कमजोर भई बाढीले बगाउँदा क्षति पुगेको हो। वार्षिक ८–१० करोडमा खोला ठेक्का लगाए पनि खोला संरक्षणमा निजगढ नगरपालिकाले दीर्घकालीन कार्य नगर्दा बर्सेनि खोला आसपासका स्थानीयहरू क्षति बेहोर्न बाध्य छन्।

पूर्व–पश्चिम राजमार्ग चार लेन विस्तारसँगै बकैया पुल निर्माण हुने क्रममा भत्किएको पक्की ड्याम पुनर्निर्माण हुने नगरप्रमुख पुरीले बताए।

गत वर्ष बाढीले बकैया पुलको करीब दुई सय मिटर उत्तरपूर्वतर्फको ड्याम भत्काउँदै बस्तीमा बाढी पस्न खोजेको थियो। त्यस बेला सशस्त्र प्रहरी नेपाल विपद् व्यवस्थापन सुरक्षा निजगढ बेस, द्रुतमार्ग निर्माणमा खटिएका नेपाली सेना, नेपाल प्रहरी, नगर प्रहरीलगायत स्थानीयले दिनरात रोकथामका प्रयास गर्दा बस्तीमा बाढी पस्न पाएको थिएन। त्यस यता कामचलाउका लागि तारजालीको प्रयोग गरी लाखौं रकमको तटबन्ध निर्माण गरियो। सो तटबन्ध जिल्ला सिंचाइ कार्यालय, बाराले लगाए पनि दीर्घकालीनरूपमा ड्याम र बस्ती सुरक्षित नहुने स्थानीयहरू बताउँछन्।

कोल्हवी नगरपालिकाले पनि आफ्नो क्षेत्रमा पर्ने बकैया खोलाको बर्सेनि ठेक्का लगाउँदै आएको छ। खोला ठेक्का लिएपति मापदण्डविपरीत अवैध उत्खनन हुँदा सोको असर निजगढस्थित बकैया पुल, ड्याम, तटबन्धलगायतका संरचनामा पर्ने गरेको छ।

# विद्यार्थी कुट्ने प्रधानाध्यापक पक्राउ

प्रस, परवानीपुर, २६ कात्तिक/
बारा जिल्ला, कलैया उपमहानगरपालिकास्थित सोना एकेडेमीका सञ्चालक एवं प्रधानाध्यापक अमित साह पक्राउ परेका छन्। आइतवार दिउँसो बारा प्रहरीले उनलाई पक्राउ गरी अनुसन्धान अगाडि बढाएको छ।



प्रिन्सिपल अमित साह

बालिकामाथि दुर्व्यवहार मुद्दामा बारा जिल्ला अदालतबाट चार दिन म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिए।

गत असोजको तेस्रो साता विद्यालयमा पाइपको लट्ठीले प्रहार गर्दा छ वर्षीया बालिका घाइते भएकी थिइन्। अभिभावकले जिप्रका, बारामा उजूरी दिएपछि प्रहरीले अनुसन्धान अगाडि बढाएको थियो। त्यतिबेला प्रहरीले प्रअ साहलाई पक्राउ गर्न जाँदा घरपरिवार र आफन्तजनले साहलाई लुकाएर भगाएका थिए।

चाडपर्व सकिएपछि बारा प्रहरीले सो मुद्दामा अनुसन्धान अगाडि बढाउन उनलाई कानूनको दायरामा ल्याएको जनाएको छ।

# लागूऔषधसहित युवक पक्राउ

प्रस, परवानीपुर, २६ कात्तिक/
पर्सा प्रहरीले ठूलो परिमाणमा लागूऔषधसहित एकजनालाई पक्राउ गरेको छ। वीरगंज महानगरपालिका–१४ गण्डकचोकबाट लागूऔषधसहित वडा नं २५ निवासी २३ वर्षीय राजमहमद देवानलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

वीरगंजबाट काठमाडौं जाँदै गरेको बाग्मती प्रदेश ०३–००१ ख २६६६ नम्बरको बस प्रहरीले चेकजाँच गर्ने क्रममा देवानले सेतो बोराभित्र म्याटले फोल्ड गरेको ब्लाङ्केटभित्र लुकाइराखेको अवस्थामा नुरफिन ११९५ थान, डाइजेपाम १२०० थान, फेनारगन ११८५ थान गरी जम्मा ३५८० एम्पुल लागूऔषध फेला परेको प्रहरी नायब उपरीक्षक दीपक भारतीले बताए।



पक्राउ परेका देवानलाई लागूऔषधसम्बन्धी कसूरमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

# हनुमाननगरका शिक्षक, कर्मचारी आन्दोलनमा



तालाबन्दी गरिएको गेटअगाडि शिक्षक, कर्मचारी।

प्रस, सप्तरी, २६ कात्तिक/
सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिकाका शिक्षक तथा कर्मचारी आन्दोलित भएका छन्। उनीहरूले तलबभत्ता नपाएको हुँदा आन्दोलित भएका हुन्।

आन्दोलित शिक्षक, कर्मचारीले तलबभत्ताको माग गर्दै नगरपालिका कार्यालयमा तालाबन्दी गरेका छन्। उनीहरूले कार्यालयको मूल गेटमा अनिश्चितकालीन तालाबन्दी गरेका छन्।

सो पालिकाका शिक्षक, कर्मचारीले तीन महीनादेखि तलबभत्ता पाएका छैनन्। चालू आर्थिक वर्ष २०८१/८२ को साउन महीनादेखि अहिलेसम्म तलबभत्ता उपलब्ध नगराएको आन्दोलित शिक्षक, कर्मचारीहरूले सोमवार सञ्चारकर्मीहरूलाई जानकारी गराए।

आन्दोलन परिचालन समितिको अगुवाइमा क्रमशः आन्दोलनका कार्यक्रम अगाडि बढाइएको छ। आइतवार सम्पूर्ण शिक्षक, कर्मचारीले कार्यालयमा धर्नासमेत दिनुका साथै तालाबन्दी गरेका थिए। आन्दोलन गर्नुपर्ने कारणबारे सोमवार सञ्चारकर्मीहरूलाई जानकारी गराउँदै थप सशक्त आन्दोलनमा उत्रने चेतावनी दिएका छन्। दशैं, तिहार र छठ जस्ता ठूला पर्वमा समेत तलबभत्ता नपाउँदा आफ्नो घरपरिवारमा परेको समस्या र मानसिक तनावबारे आन्दोलित शिक्षक, कर्मचारीहरूले दुःखेसो पोखेका थिए।

हनुमाननगर कङ्कालिनी नगरपालिकाको नगरसभा अझै हुन सकेको छैन। नगरसभा नभएको हुँदा पालिकाको आर्थिक कारोबार ठप्प छ।

# सम्झौता निजी विद्यालयले नमान्ने





प्रस, जनकपुरधाम, २६ कात्तिक/
जनकपुरधाम उपमहानगरपालिका र नेपाल विद्यार्थी सङ्घबीच कक्षा ११ र १२ का विद्यार्थीहरूको छात्रवृत्तिसम्बन्धी भएको सम्झौता षडयन्त्रपूर्ण रहेको निजी विद्यालय सङ्गठनहरूको आरोप छ।

निजी विद्यालयका सङ्गठनहरू प्याब्सन, एनप्याब्सन तथा हिसानले सोमवार संयुक्तरूपमा पत्रकार सम्मेलन आयोजना गरी सो आरोप लगाएका हुन्। 'कुनै दलको भ्रातृ सङ्गठनको दबाबमा उपमहानगरले छात्रवृत्तिसम्बन्धी गरेको निर्णयमा षडयन्त्रको गन्ध छ' भन्ने उनीहरू आरोप छ।

निजी विद्यालयका सङ्गठनहरूले जनकपुरधाम उपमहानगरले पुरानै निर्णय अनुसार शुल्क निर्धारण नगरे आफूहरू आन्दोलनमा उत्रने चेतावनी दिएका छन्। एनप्याब्सन जनकपुरधाम उपमहानगरपालिकाका एकाइ अध्यक्ष दीपककुमार ठाकुरले आफूहरूको माग बेवास्ता गरिए सह्य नहुने बताए।

सम्पूर्ण निजी विद्यालय अनिश्चितकालका लागि ठप्प पारेर आन्दोलनमा उत्रने उनले चेतावनी दिएका छन्। यसैगरी, हिसानका धनुषा अध्यक्ष सञ्जीव ठाकुरले जनकपुरधामको शैक्षिक संस्था तथा शैक्षिक स्तरलाई कमजोर पार्न उपमहानगर र नेविसङ्घबीच सम्झौता भएको आरोप लगाउँदै उक्त सम्झौता आफूहरूले नमान्ने बताए।

नेविसङ्घले चलाएको 'मेरो शिक्षा मेरो प्रश्न' अभियान अन्तर्गत विद्यार्थी शुल्कबारे जनकपुरधाम उपमहानगरपालिका र नेविसङ्घबीच सहमति भएको थियो। उक्त सहमतिमा कक्षा ११ र १२ का विद्यार्थीहरूका लागि नामाङ्कन, मासिक शुल्क र छात्रवृत्ति सम्बन्धमा सहुलियतपूर्ण निर्णयहरू भएका छन्।

## विचारसार र सुक्तिहरू

एक्लै उभिने साहस गर्न सक्छु तर एक्लोपनलाई शक्तिमा बदल्न पुनर्परिवर्तन चाहिन्छ ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# चाडपर्व केन्द्रित खेलकूद

**दशैं, तिहार, छटलगायतका मुख्य पर्वहरूले बिदा लिंदै गर्दा स्थानीयस्तर तथा गाउँघरमा आयोजित खेलकूद प्रतियोगिताहरू पनि पातलिंदै गएका छन् । पर्वको आगमनसँगै स्वस्फूर्तरूपमा गाउँ, टोलमा खेलकूद प्रतियोगिता आयोजना गरिने र पर्व सकिंदै जाँदा प्रतियोगिताहरू पनि समापन तथा विश्रम लिंदै जाने चलन छ । चाडपर्व हाम्रो समाजमा मात्र होइन, हरेक युवा तथा परिवारको जीवनमा एक विशेष स्थान ओगट्ने समय हो । वर्षभरि आआफ्नो काममा व्यस्त रहेका परिवारजनका लागि चाडपर्वले भेटघाट, मेलमिलाप एवं आत्मीयताको अवसर ल्याउँछ । यस अवसरमा हुने खेलकूद गतिविधिहरूले गाउँघर, समाजमा पनि सकारात्मक परिवर्तन ल्याइरहेको पाइन्छ । चाडपर्वको समयमा घर फर्किएका युवाहरूले आफूबीचको सम्बन्धलाई अझै प्रगाढ बनाउने एउटा महत्त्वपूर्ण माध्यम खेलकूद हो । पर्वको रमाइलोसँगै सामूहिकरूपमा खेलकूदमा सहभागी हुँदा उनीहरूमा खुशी बढ्नुका साथै आफ्नो धर्म–संस्कृति, गाउँठाउँ र साथीसङ्गीप्रतिको माया गाढा हुन्छ । खेलकूद प्रतियोगिता आयोजना गर्दा युवाहरूले टोली मिलेर खेल्नुका साथै असल नेतृत्व, खेल भावना, कुशल व्यवस्थापन, जवाफदेहिता एवं दायित्व बोध र प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न सक्ने वातावरण बन्छ । त्यसैले चाडपर्वको रमाइलोमा नयाँ रौनक थपिदिने एउटा प्रभावकारी माध्यम खेलकूद बनेको छ ।**

**स्थानीय तथा गाउँ स्तरमा चाडपर्वको अवसरमा शुरू गरिएका खेलकूदबाट अभिप्रेरित कैंयन युवाहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चम्किएका उदाहरण छन् । थुप्रै उदाहरण छन्, जहाँ गाउँस्तरमा भएको खेलकूदले युवाहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा होमिन प्रेरित गरेको छ । विडम्बनाको कुरा चाडपर्वको अवसरमैं मात्र गाउँघरमा खेलकूद सीमित छ । स्थानीयस्तरमा स्थायीरूपमा खेलकूद कार्यक्रमको अभाव हुँदा युवाहरू नियमित अभ्यास र खेलकूदमा अवसरबाट वञ्चित छन् । स्थायी खेलकूद कार्यक्रमले मात्र निरन्तरता दिन सक्छ, जसले युवाहरूका साथै स्थानीय बालबालिकालाई समेत खेलकूदमा विशेष सीप र अनुशासनमा प्रशिक्षित बनाउनेछ ।**

**सरकारले गाउँगाउँमा खेलकूद आयोजन गर्न विशेष नीति तथा बजेट विनियोजन गरे, स्थानीय तहले खेलकूदको संरचनालाई प्रवर्द्धन गर्न सक्रिय पहल गरे, अझ धेरै स्थानीय प्रतिभा उजागर हुन सक्छन् । हाम्रा बालबालिका, किशोरकिशोरी एवं युवाहरूलाई शहरका भव्य रङ्गशाला र ठूला प्रतियोगितामा खेल्ने सपना छ, तर ती सपना पूरा गर्न स्थानीयस्तरमैं आधार तयार गर्न आवश्यक छ । कलिलो उमेरदेखि नै खेतकूद अभ्यास गर्न पाए अझ भरपर्दो हुन्छ । यसका लागि सरकारी निकाय, स्थानीय तह र समाज एकजुट भएर स्थानीय प्रतिभालाई प्रोत्साहन गर्नुपर्छ । चाडपर्वको अवसरमा मात्र होइन, वर्षभरि खेलकूद कार्यक्रम चलिरहने वातावरण निर्माण गरिनुपर्छ, तब मात्रै हाम्रो समाजमा खेलकूदको उज्ज्वल भविष्य निर्माण गर्न सक्छौं । अतः चाडपर्वको समयमा गाउँघरमा हुने खेलकूद सामाजिक एकता र मित्रताको सेतुका साथै भविष्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रतिनिधि तयार गर्ने मञ्च पनि हो । खेलकूदले मानवमा संस्कार, अनुशासन र आत्मविश्वास विकास गर्छ । यसर्थ स्थानीयस्तरमा हुने खेलकूदलाई चाडपर्व केन्द्रित मात्रै नगरी निरन्तरता दिने आधार तयार गरिनुपर्छ ।**

# निरन्तर सङ्घर्षले आर्थिक विकास सम्भव छैन

अर्थविशेष




विश्वराज अधिकारी
akoutilya@gmail.com


हामीकहाँ विभिन्न कारण देखाएर आन्दोलन गर्ने एक किसिमको परम्परा नै बसेको छ । हरेक समस्याको समाधान आन्दोलनबाट खोज्ने एक किसिमको संस्कार नै बनेको छ । शान्तिपूर्ण तरीकाले हामी कुनै पनि समस्याको समाधान खोज्न नसक्ने स्थितिमा पुगेका छौं । हामी कुनै पनि राष्ट्रिय समस्याको समाधान केवल हत्या, हिंसाद्वारा मात्र खोज्छौं । हत्या, हिंसा एउटा उपाय मात्र हो, कुनै पनि समस्याको समाधान खोज्ने भन्ने सोचको विकास पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको माओवादीले गरेको हो ।

अनेक कारण देखाएर आन्दोलन गर्नेहरूमा राजनीतिक दल र तिनका नेताहरू अग्रपङ्क्तिमा पर्छन् । राजनीतिक दलहरू, आफू सत्ता र सरकारमा हुँदा सबै कुरा राम्रो देख्न र सत्ताबाट बाहिरिने बित्तिकै सरकार निर्माण गरेका दलहरूले गर्ने सबै काम खराब देख्ने रोगबाट ग्रसित हुन पुगेका छन् ।

अहिले रवि लामिछानेले नेतृत्व गरेको राष्ट्रिय स्वतन्त्र पार्टी आन्दोनरत छ । आन्दोलन गर्ने यो दलसँग आफ्नै कारण छन् । यो दलले गरेको आन्दोलन उचित छ वा अनुचित छ, त्यो विश्लेषण गर्ने उद्देश्य यो आलेखको होइन । यो आलेखको उद्देश्य कुनै पनि समस्याको समाधान सङ्घर्षद्वारा खोज्ने हाम्रो परम्परा अब समाप्त गर्नुपर्छ भन्ने सन्देश नेपाली जनतासमक्ष पुऱ्याउनु मात्र हो ।

नेपालको आर्थिक स्थिति अहिले कुनै पनि किसिमको आन्दोलन सहन गर्ने अवस्थामा छैन । उल्टो, देशको आर्थिक विकासका लागि नेपाललाई दिगो शान्ति चाहिएको छ । देशभित्र रोजगार छैन । रोजगारको लागि विदेशिनुपर्ने बाध्यता छ । राष्ट्रिय शिक्षा नीति बेरोजगारी वृद्धि गर्ने नीति हुन पुगेको छ । कलेजहरू बेरोजगारी उत्पादन गर्ने कारखाना हुन पुगेका छन् । कलेजहरूले विद्यार्थीहरूमा आशा मात्र पनि जागृत गराउन सकिरहेका छैनन् । उच्च शिक्षाका लागि ठूलो सङ्ख्यामा युवाहरू विदेश पलायन भइरहेका छन् । उद्योग र व्यापारको विकासको गति अति सुस्त हुन पुगेको छ । स्वदेशी उत्पादनमा ठूलो ह्रास आएर देश आयातमुखी बनेको छ । अहिले देशको आर्थिक स्थिति जर्जर हुन पुगेको छ । यदि देशमा शान्ति कायम गरेर राष्ट्रिय आर्थिक विकासको गति तीव्र नपार्ने हो भने देशको रूपमा अस्तित्व कायम राख्नसमेत कठिन हुन सक्छ ।

कुनै पनि राष्ट्रको अस्तित्व कायम रहन आर्थिकरूपमा बलियो हुनु नै पर्छ । सुडान, इथियोपिया, सोभियत सङ्घ आर्थिकरूपमा कमजोर भएको हुनाले नै टुक्रिएका हुन् । सोभियत सङ्घ अमेरिका जत्तिकै आर्थिकरूपमा बलियो भइदिएको भए अनेक राज्यमा टुक्रिनुपर्ने अवस्था आउने थिएन ।

> **अहिले नेपालीहरूमा चरम निराशा देखिएको छ । मुख्यगरी नेपाली युवाहरूले आफ्नो देशभित्र, नेपालभित्र, आफ्नो भविष्य सुरक्षित देखिरहेका छैनन् । उनीहरूले स्वदेशलाई अति असुरक्षित अनुभूत गरिरहेका छन् । युवाहरूको यो अनुभूतिले उनीहरूलाई स्वदेश त्यागन बाध्य पारिरहेको छ ।**

संयुक्त अधिराज्य, फ्रान्स, जर्मनी, संयुक्त राज्य अमेरिका, नर्वे, फिनल्यान्ड, स्वीडेन, डेनमार्कजस्ता राष्ट्र आर्थिकरूपमा सक्षम भएका हुनाले नै स्थिर राष्ट्र बन्न पुगेका हुन् । स्थिर राष्ट्र हुनका लागि नेपालले तीव्र गतिमा आर्थिक प्रगति गर्नुको विकल्प छैन । यदि नेपाल यसैगरी अनेक किसिमका द्वन्द्व, सङ्घर्ष, आन्दोलनहरूको भुमरीमा रुमलिरहने हो भने नेपाल शक्तिराष्ट्रहरूको कठपुतली बन्न पुग्नेछ, स्वतन्त्र राष्ट्रको अस्तित्व गुमाउनेछ ।

राजनीतिकरूपमा स्थिर राखेर नेपाललाई आर्थिक विकासको पथमा दौडाउने ऐतिहासिक जिम्मेवारी अहिले दुई दल नेपाली काङ्ग्रेस (नेका) र नेपाल कम्युनिस्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा एमाले)ले पाएका छन् । यी दुई दल मिलेर सरकार निर्माण गरेका छन् । दुई दल मिलेर अगाडि बढेको यो स्थितिलाई यदि यी दुवै दलले आफ्ना प्रतिस्पर्धी दल वा तिनका नेताहरूलाई क्षति पुऱ्याउने वा बदला लिने वा समाप्त पार्ने अवसरको रूपमा लिने हो भने जनतामाझ यी दुई दलले विश्वास त गुमाउनेछन् नै, नेपालको राजनीतिमा आफ्नो अस्तित्वसमेत सङ्कटमा पार्नेछन् ।

नेपालमा चिरस्थायी शान्ति कायम गर्ने जिम्मेवारी अहिले नेका र एमालेको हातमा छ । यस महत्त्वपूर्ण दायित्वको बोध यी दुई दललाई हुन आवश्यक छ ।

कुनै पनि राष्ट्रिय समस्याको समाधान यी दुवै दलले सुझबुझका साथ खोज्न आवश्यक छ । र यस्तो गर्नुमा यी दुवै दलको भलाइ पनि छ । यी दुई दलको सहकार्यले देशमा सङ्घर्ष, द्वन्द्व बढाउने कार्य गर्नुहुँदैन । राष्ट्रिय स्वतन्त्र पार्टी र रवि लामिछाने– मुद्दाको सही समाधान खोज्ने जिम्मेवारी पनि यी दुई दलकै हो । यी दुई दलले यो मुद्दाको उचित समाधान खोज्नुपर्छ । अनुचित समाधान खोजेर देशमा सङ्घर्ष र द्वन्द्व बढाउने काम गर्नुहुँदैन ।

आर्थिक विकासका लागि शान्ति र स्थिरता आवश्यक छ । आर्थिक विकासको गति अवरुद्ध भएमा देशको अस्तित्व नै सङ्कटमा पर्न सक्छ भन्ने तथ्य साना दलहरूले पनि बुझ्न आवश्यक छ । यदि देशमा ठूलो उथलपुथल भएर वर्तमान व्यवस्था परिवर्तन हुने स्थिति आएमा साना दलहरूको भविष्य अन्धकारमा डुब्नेछ । उनीहरूको अस्तित्व नै पनि समाप्त हुने स्थिति आउन सक्नेछ । यो तथ्यलाई बुझेर साना दलहरूले शक्ति र सत्ताको लागि दलाली गर्ने स्वार्थी बानी त्यागेर देशलाई राजनीतिकरूपमा कसरी स्थिर पार्न सकिन्छ भन्ने कुरामा ध्यान दिन आवश्यक छ ।

देशलाई राजनीतिकरूपमा स्थिर राख्ने प्रमुख जिम्मेवारी जनताको हो, नेता र राजनीतिक दलहरूको होइन । इमानदार दल र नेताहरूको पहिचान गर्ने र उनीहरूलाई प्रोत्साहित गर्ने कार्य जनताले गर्नुपर्छ । यसैगरी, केवल इमानदार र कर्मठ जनप्रतिनिधिहरूको छनोट गर्ने र सत्ता र शक्तिका भोका राजनीतिकर्मीहरूलाई राजनीतिबाट बाहिर पठाउने कार्य जनताले गर्नुपर्छ । सही नेता छनोट गर्ने प्रमुख अभिभारा जनताको नै हो । खराब दल र नेताहरूको पछि लाग्ने कार्य बन्द गर्नुपर्छ इमानदार नेतालाई मात्र सहयोग र समर्थन गर्नुपर्छ ।

नेपाल अहिले अस्थिर वा असफल राष्ट्र हुने स्थितिमा पुगिसकेको त छैन, तर स्थिति यस्तै रहने हो भने असफल राष्ट्र पनि हुन सक्छ । र नेपाललाई अस्तित्व रक्षाको सङ्कट पर्न सक्छ । यदि राजनीतिक दल र दलका नेताहरूले आफ्नो आचारण सुधार नगर्ने हो र नेपाललाई अनेक किसिमका सङ्घर्ष र द्वन्द्वमा पारिराख्ने हो भने नेपाल असफल राष्ट्रमा परिणत हुन सक्छ ।

नेपाल असफल राष्ट्रमा परिणत हुने केही सङ्केत देखिन थालेका छन् । के के हुन् त ती सङ्केत । केही प्रतिनिधि सङ्केतहरू यस प्रकार छन् :

**चरम निराशा :** अहिले नेपालीहरूमा चरम निराशा देखिएको छ । मुख्यगरी नेपाली युवाहरूले आफ्नो देशभित्र, नेपालभित्र, आफ्नो भविष्य सुरक्षित देखिरहेका छैनन् । उनीहरूले स्वदेशलाई अति असुरक्षित अनुभूत गरिरहेका छन् । युवाहरूको यो अनुभूतिले उनीहरूलाई स्वदेश त्यागन बाध्य पारिरहेको छ । अनेक देशमा पुऱ्याइरहेको छ । युवाहरू मात्र होइन, अहिले प्रौढहरू पनि नेपालमा बस्न अनिच्छुक हुन पुगेका छन् । स्वदेशलाई आर्थिकरूपमा असुरक्षित देखेर अहिले एक करोडभन्दा बढी नेपालीले स्वदेश त्याग गरेको अनुमान गरिएको छ । यदि ठूलो सङ्ख्यामा नागरिकले देश त्याग गर्नु सामान्य कुरा होइन । यो अति असामान्य कुरा हो, अति दुःखद कुरा हो ।

**अति अस्थिरता :** नेपालको राजनीति अहिले अभूतपूर्व किसिमले अस्थिर हुन पुगेको छ । नेपालमा प्रजातन्त्र आएपछि देश राजनीतिकरूपमा स्थिर होला भन्ने विश्वास गरिएको थियो । तर भयो उल्टो । पञ्चायतकालमा बरु देशमा राजनीतिक स्थिरता थियो । देश शान्त थियो । देशमाथि देशवासीको आशा र भरोसा थियो ।

एउटा सरकार एक वर्ष पनि टिक्न नसक्ने र शक्ति तथा सत्ताको लागि नेताहरूले जे पनि गर्ने परिपाटीले नेपाललाई अभूतपूर्व किसिमले अस्थिर पारेको छ । नेपालीहरूलाई अति निराश पारेको छ ।

**डरलाग्दो बेरोजगारी :** बेरोजगारी अहिले नेपालमा उच्च बिन्दुमा पुगेको छ । देशभित्र रोजगार पाउन कठिन भएर रोजगारको लागि विदेश जानुपर्ने बाध्यता हुन पुगेको छ । राजनीतिक अस्थिरताले गर्दा देशभित्र उद्योग र व्यापारको विकास हुन सकिरहेको छैन । उद्योग र व्यापारको विस्तार हुन नसकेकोले श्रम–बजार अहिले अति सङ्कुचित हुन पुगेको छ । देशभित्र बेरोजगारी अति वृद्धि भएमा त्यसले देशलाई असफल राष्ट्रको श्रेणीमा पुऱ्याउन सक्छ ।

नेपाललाई असफल राष्ट्र हुनबाट जोगाउने हो भने अब सबै राजनीतिक दल मिलेर काम गर्नुपर्छ । शक्ति र सत्ताको लागि तल्लोभन्दा तल्लो कार्य गर्ने बानी छोड्नुपर्छ । आफ्नो स्वार्थी बानीमा अङ्कुश लगाउनुपर्छ । विगतमा गरेका अनेक अर्थहीन सङ्घर्ष र तिनको परिणामबाट नेपालले आर्थिक विकास गर्न नसकेको स्थितिबाट पाठ सिकेर अब हामीले शान्ति–स्थापना र सहकार्यमा जोड दिनुपर्छ । यस्तो नगर्ने हो भने अब एक चौथाइ नेपाली मात्र देशभित्र देखा पर्ने छन् । नेपाल असफल राष्ट्र हुनेछ । विदेशी राष्ट्रहरूको कठपुतली बन्नेछ ।

# गत आवको आन्तरिक लेखापरीक्षणबाट सङ्घ र प्रदेश सरकारको साढे २१ अर्ब बेरुजू देखियो

काठमाडौं, २६ कात्तिक/रासस

गत आर्थिक वर्ष २०८०/८१ मा सङ्घ र प्रदेश सरकारको बेरुजू रु २१ अर्ब ५१ करोडभन्दा बढी देखिएको छ । महालेखा नियन्त्रक कार्यालयले महालेखापरीक्षकको कार्यालयलाई बुझाएको 'केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण'अनुसार सङ्घ तथा प्रदेश सरकारको गत आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरुजू रकम रु २१ अर्ब ५१ करोड ९६ लाख छ ।

जसमा नियमित गर्नुपर्ने बेरुजू रु एक अर्ब १३ करोड ५० लाख, असुल गर्नुपर्ने बेरुजू रु एक अर्ब ९२ करोड ९६ लाख र पेश्की बेरुजू १० अर्ब ४५ करोड ४९ लाख रहेको जनाइएको छ ।

महालेखा नियन्त्रक कार्यालयका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार सरकारको गत आर्थिक वर्षको सङ्घीय सञ्चित कोष, वैदेशिक अनुदान र ऋण सहायता, लगानी एवं नेपाल सरकारका बजेटरी तथा गैरबजेटरी निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरूको कारोबारलगायतका विषयहरू समेटेर केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण तयार पारी महालेखापरीक्षकको कार्यालयलाई बुझाइसकेको छ ।

"केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण यही कात्तिक १४ गते महालेखापरीक्षकलाई बुझाइसकेका छौं । यसमा सरकारको गत आर्थिक वर्षको कारोबारको यथार्थ वित्तीय अवस्थाको चित्रण छ," उनले भने ।

उक्त विवरण अनुसार गत आर्थिक वर्षमा सङ्घीय सञ्चित कोष कुल रु दुई खर्ब २४ अर्ब ९९ करोड १३ लाखले ऋणात्मक छ । "आर्थिक वर्ष २०८०/८१ को शुरूमा सङ्घीय सञ्चित कोष कुल रु एक खर्ब ८१ अर्ब २६ करोड ७३ लाखले ऋणात्मक रहेकोमा यस वर्ष कुल प्राप्ति रु १३ खर्ब ३५ अर्ब ९२ करोड ७४ लाख रहेको र कुल भुक्तानी रु १३ खर्ब ९३ अर्ब ३९ करोड ४२ लाख तथा विनिमय दर वा अन्य समायोजन रु १४ अर्ब ४४ करोड २८ लाख भएबाट यस आर्थिक वर्षको शुरूको मौज्दातसमेतको समायोजनबाट आर्थिक वर्षको अन्त्यमा सङ्घीय सञ्चित कोष कुल रु दुई खर्ब २४ अर्ब ९९ करोड १३ लाखले ऋणात्मक रहेको छ," महालेखा नियन्त्रक कार्यालयले तयार पारेको विवरणमा भनिएको छ ।

गत आवमा सरकारको बजेटरी निकायको नगद तथा बैंक मौज्दात रु ८४ अर्ब ७८ करोड ४८ लाख ऋणात्मक रहेको छ । गैरबजेटरी निकायको सोही अवधिको नगद तथा बैंक मौज्दात भने रु ७१ अर्ब ८२ करोड ७३ लाख घनात्मक रहेको छ । यसरी गत आर्थिक वर्षमा सरकारको नगद तथा बैंक मौज्दात रु १२ अर्ब ९५ करोड ७५ लाखले ऋणात्मक देखिन्छ ।

गत आर्थिक वर्षका लागि सरकारले रु १२ खर्ब ४७ अर्ब ६३ करोड ४२ लाख राजस्व उठाउने लक्ष्य राखेकोमा रु नौ खर्ब ५६ अर्ब २६ करोड ५६ लाख मात्रै सङ्कलन भएको छ । त्यस्तै, सरकारले गत आर्थिक वर्षमा रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बजेट खर्च गर्ने लक्ष्य राखेकोमा रु १३ खर्ब ९३ अर्ब ३९ करोड ४२ लाख बराबरको मात्रै खर्च भएको देखिएको छ ।

"कुल खर्च रकममध्ये सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने रकमतर्फ रु तीन खर्ब पाँच अर्ब ६३ करोड १५ लाख खर्च भएको छ भने सङ्घीय सञ्चित कोषबाट विनियोजन हुने व्ययतर्फ सोझै भुक्तानीबाहेक रु १० खर्ब ४० अर्ब ५८ करोड छ लाख खर्च भएको छ," केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरणमा भनिएको छ ।

सरकारले गत आर्थिक वर्षमा प्रदेश र स्थानीय तहलाई सङ्घीय सञ्चित कोषबाट रु चार खर्ब आठ करोड ७० लाख बजेट हस्तान्तरण गर्ने लक्ष्य राखेकोमा रु तीन खर्ब ३९ अर्ब ४१ करोड ६२ लाख बराबर मात्रै हस्तान्तरण भएको

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# ६४ वटा सौर्य ऊर्जा परियोजना छनोट

काठमाडौं, २६ कात्तिक/रासस

ऊर्जा मिश्रणको अवधारणालाई व्यावहारिकरूपमा कार्यान्वयन गर्ने लक्ष्यका साथ नेपाल विद्युत् प्राधिकरणले ६४ वटा ऊर्जा कम्पनी छनोट गरेको छ।

प्राधिकरणले प्रतिस्पर्धाका आधारमा ती कम्पनी छनोट गरेको जनाएको छ। ऊर्जा मिश्रण अवधारणा कार्यान्वयन गर्ने र हिउँदको ऊर्जा माग सम्बोधन गर्ने लक्ष्यका साथ सौर्य परियोजनालाई व्यावहारिकरूपमा कार्यान्वयन गर्न मार्ग प्रशस्त गरेको हो।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार तराईका विभिन्न जिल्लामा सौर्य परियोजनालाई अगाडि बढाउन लागिएको हो। प्राधिकरणले एक हजार मेगावाट क्षमता बराबरका आयोजना अगाडि बढाउन लागेको हो।


प्राधिकरणले यसअघि आठ सय मेगावाट बराबरको सौर्य परियोजना अगाडि बढाउने निर्णय गरेको थियो। त्यसमा २० प्रतिशत थप गर्ने निर्णय भएको थियो। प्राधिकरणले छनोट गरेका आयोजनाको क्षमता एकदेखि ५० मेगावाट बराबर छन्। हाल छनोट भएका ६४ वटा परियोजनाको कुल क्षमता भने ९७४ मेगावाट बराबर छ।

प्राधिकरणले प्रतिकिलोवाट चार रुपियाँ ९९ पैसादेखि पाँच रुपियाँ ५५ पैसासम्मको दर तय गरेको छ। बिहान ६ देखि साँझ ६ बजेसम्म खरीद गर्ने गरी प्राधिकरणले सौर्य ऊर्जा उत्पादक कम्पनीसँग आवश्यक प्रक्रिया अगाडि बढाइने जनाएको छ।

हिउँदमा नदीको जलस्तर घट्न गई ऊर्जा उत्पादन केन्द्रहरूले कम क्षमतामा मात्रै बिजुली उत्पादन गर्ने भएकाले सौर्य परियोजनाको अवधारणा अगाडि सारिएको हो। दिनभरको माग सम्बोधन गर्न सौर्य ऊर्जा प्रभावकारी हुने ठहरसहित तत्कालका लागि झन्डै एक हजार मेगावाट बराबरको बिजुली प्रणालीमा जोड्न लागिएको हो।

दिनको माग धान्न वैकल्पिक व्यवस्था गर्न सकिए साँझ वा रातको माग भने जलविद्युत् आयोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ। सरकारले ठूला जलाशययुक्त आयोजनाको अवधारणा अगाडि सारे पनि निर्माण सम्पन्न गर्न लामो समय लाग्ने देखिन्छ।

केही जलाशययुक्त आयोजनाको प्रक्रिया अगाडि बढाइएको भएपनि लगानीको ढाँचालगायतका विषयमा सहमति जुट्न नसक्दा निर्माणमा जान ढिलाइ भइरहेको छ। जानकारहरूका अनुसार एकदेखि डेढ वर्षभित्रमा सौर्य परियोजनाले बिजुली उत्पादन गर्ने भएकाले प्रणाली व्यवस्थापन गर्न सहज हुनेछ।



**माईपोखरीः** रामसार क्षेत्रमा सूचीकृत इलामको पर्यटकीय क्षेत्र माईपोखरी। सनदकपुर गाउँपालिका–३ मा पर्ने माईपोखरीको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सोमवारदेखि दुई दिने बहुधार्मिक (हिन्दू, बौद्ध र किराँत धर्म) महोत्सव आयोजना हुँदैछ। तस्बिर : रामकुमार लिम्बू/रासस

# नेता निधिद्वारा युवा सङ्कल्प यात्रालाई जनकपुरधाममा स्वागत

महेन्द्रनगर (धनुषा), २६ कात्तिक/रासस

झापाको मेचीनगरबाट शुरू भएको युवा सङ्कल्प यात्रा सोमवार जनकपुरधाम पुगेको छ। नेपाली काङ्ग्रेस महासमिति सदस्य एवं नेपाल तरुण दलका पूर्वकेन्द्रीय महामन्त्री भूपेन्द्रजङ्ग शाहीलगायतको समन्वयमा शुरू भएको यात्रालाई नेपाली काङ्ग्रेसका नेता विमलेन्द्र निधिले स्वागत गरेका थिए।

त्यस अवसरमा नेता निधिले युवा सङ्कल्प यात्राको सम्पूर्ण टोलीलाई सफलताको शुभकामना दिए। भ्रष्टाचार उन्मूलन र सुशासन, युवालाई रोजगारको सुनिश्चितता, महँगी र मूल्यवृद्धि नियन्त्रणलगायत विभिन्न 'एजेन्डा'हरूमा केन्द्रित रहेर पूर्व–पश्चिम सङ्कल्प यात्रा शुरू गरिएको शाहीले जानकारी गराए।

यात्रामा ४० जनाको टोली रहेको नेविसङ्घका केन्द्रीय सदस्य विनोद शाही ठकुरीले जानकारी दिएका छन्। युवा



सङ्कल्प यात्रामा संविधानसभा सदस्य एवं नेविसङ्घका पूर्व केन्द्रीय सभापति रञ्जीतकुमार कर्ण, युवा नेताहरू धर्मेन्द्र नेम्वाङ, पशुपति पोखरेल, शेख वकील, प्रेमिका राना, नरेश यादव, चन्द्रादेवी जोशी, राष्ट्रिय कलाकारहरू राधिका हमाल, उदिराम खड्का, सुनील थापा, लेलिया विश्वकर्मालगायत सहभागी छन्।

सङ्कल्प यात्रा कात्तिक २३ गतेदेखि मेचीबाट शुरू भई कञ्चनपुरको महाकाली पुगेर समापन हुनेछ।

# छठको 'सनेस'को मौसम

महोत्तरी, २६ कात्तिक/रासस

मधेसको मिथिला क्षेत्रका दीपावली र छठसहितका मुख्य चाडपर्व भर्खर सकिएका छन्। अहिले चाडपर्व सकेसँगै मैथिललाई खेतीपातीमा धान थन्क्याउने र हिउँदेबाली लगाउन भ्याइनभ्याइ छ। यसै व्यस्तताबीच मैथिललाई छठको 'सनेस' (कोसेली) पुऱ्याउने चटारो छ।

छठ सकेका मैथिल परिवारका गृहिणी अहिले नन्द, आमाजू, फुपू सासू, छोरी र मितमितिनीकहाँ कोसेली पठाउन ठेकुवा पकाउन तथा भुसुवा (कसार) बटार्न व्यस्त छन्। पर्वको कोसेली यी सम्बन्धमा पठाउने स्थापित परम्पराले अहिले मिथिलानी (मैथिल गृहिणी)को व्यस्तता बढाएको हो।

"कति धान काटिएर पसी (काटेको धान खेतमा फिजाएर सुकाइने काम)मा छ, कति बोटमैं पाकेर पहेंलपुर छ, वर्षभरि खाने अन्न थन्क्याउनु छ," भङ्गाहा–४ रामनगरकी शान्तिदेवी साह भन्छिन्, "यसैबेला छठको सनेस पठाउन पनि भ्याइनभ्याइ छ।" तीन छोरीकहाँ कोसेली पठाइसकेकी उनले अब दुईजना नन्द र एकजना फुपू सासूकहाँ पुग्न बाँकी रहेको बताइन्।

गृहिणीहरू कोसेली बनाइरहँदा घरका पुरुषले खेतीपातीका काम र कोसेली पुऱ्याउने कामको चाँजो मिलाउनुपरेको छ। धान काट्ने, दाइँ गर्ने, थन्क्याउनेदेखि हिउँदे बालीमा गहुँ, चना, मुसुरो छर्ने तथा उखु र आलु रोप्ने बेला यही परेको छ। खेतीपातीका काम र कोसेली पुऱ्याउने पारम्परिक काम भ्याउनुपर्दा सास फेर्ने फुर्सत पनि नभएको शान्तिका पति हरिदेव साह बताउँछन्।

मिथिलामा छठ पर्व सकिएको महीना दिनसम्म 'सनेस' पठाइने गरिन्छ। कोसेलीका परिकार घरका गृहिणीले बनाए पनि पुऱ्याउन पुरुष नै जानुपर्ने हुँदा अहिले मैथिल परिवार यो पारम्परिक काममा अल्झेका छन्। मिथिलामा कोसेली नपठाउन्जेल एक महीनासम्म घरको खाजामा पनि छठ पर्वकै सामग्री खाजामा प्रयोग गर्ने बाक्लो चलन छ।

अहिले बस्तीबस्तीका घरघरै ठेकुवा, भुसुवा तयार हुँदैछन्। पालैपालो समय मिलाएर सनेस पठाइँदो छ। आमरूपमा देखिने यो चलनले पूरै मिथिला क्षेत्रमा अहिले छठको 'सनेस'को मौसम देखिएको हो। मिथिलामा मनाइने सबैजसो पर्वपछि 'सनेस' लाने पुरानो चलन भएपनि पछिल्ला वर्षमा यो क्रम पातलिंदै गएको छ। छठ र तिलासङ्क्रायत पर्वको 'सनेस' चाहिं अझै पुऱ्याइँदैछ।

महत्त्वपूर्ण चाडपर्वपछि आफन्त परिवारका मान्यजनसँगको भेटघाट र कुशलक्षेम बुझ्न पूर्वजहरूले यो परम्परा बाँधेका पाका मैथिल बताउँछन्। यो परम्पराले भेटघाट र कुशलक्षेम बुझ्नसँगै आपसी प्रेम सुमधुर तथा सुदृढ बनाउने हुँदा पूर्वजले बसाएका यो थिति यथासक्य निर्वाह गरिनुपर्ने बर्दिबास–९ पशुपतिनगरका ८५ वर्षीय नथुनी महतो बताउँछन्।

# हिउँदमा पनि मर्स्याङ्दीमा पूर्ण क्षमतामा विद्युत् उत्पादन

तनहुँ, २६ कात्तिक/रासस

आँबुखैरेनी गाउँपालिका–४ स्थित मर्स्याङ्दी जलविद्युत् केन्द्रले हिउँदको समयमा पनि पूर्ण क्षमतामा बिजुली उत्पादन गरिरहेको छ। हाल घट्ने समय भएपनि समयसमयमा पानी परिरहेकाले उत्पादनमा कमी नआएको हो।

तीनवटा युनिटबाट २३/२३ मेगावाटका दरले पूर्ण क्षमताको ६९ मेगावाट विद्युत् उत्पादन भइरहेको केन्द्र प्रमुख इन्जिनीयर पशुपति गौतमले बताए। "असोजमा अविरल भारी वर्षा भएको र कात्तिकमा समेत हाल मुसलधारे वर्षा परेपछि पूर्ण क्षमतामा बिजुली उत्पादन भइरहेको छ," उनले भने, "अहिले पानी प्रशस्त परेकाले अझै एक महीनासम्म पूर्ण क्षमतामैं उत्पादन हुने सम्भावना देखिएको छ।"

गत वर्ष सुक्खायाममा हिउँ कम पग्लने र नदीमा मिसिएका खोला, खोल्सी र झरनाको पानी कम हुँदा घटेर ३० मेगावाट विद्युत् उत्पादन भएकामा हाल पूर्ण क्षमतामा उत्पादन भएको इन्जिनीयर गौतमले बताए। मर्स्याङ्दी हिमालबाट बगेर आएको नदी हो। गर्मी मौसममा तापक्रम बढ्दै जाँदा हिउँ धेरै पग्लिने र वर्षा धेरै हुँदा यसका सहायक नदी, खोलामा पानीको बहाव बढेसँगै विद्युत् उत्पादन पनि बढ्ने उनले बताए। उनका अनुसार यस केन्द्रबाट उत्पादित विद्युत् चितवनको भरतपुरबाट काठमाडौंको स्टेशनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ।

केन्द्रका अनुसार सुक्खायाममा भने हिउँ कम पग्लने र नदीमा मिसिएका खोला, खोल्सी र झरनाको पानी कम हुने भएकाले पानीको बहाव थोरै हुँदा विद्युत् उत्पादन घट्ने सो केन्द्रले जनाएको छ।

# साउनयता छ सयभन्दा बढीमा स्क्रब टाइफस

चितवन, २६ कात्तिक/रासस

चितवन जिल्लाका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये ६०६ जनामा स्क्रब टाइफसको सङ्क्रमण देखिएको छ। जनस्वास्थ्य कार्यालय चितवनका अनुसार साउनयता तीन हजार २१७ जनामा परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

कार्यालयका जनस्वास्थ्य अधिकृत विमल पटेलका अनुसार सङ्क्रमितमध्ये ३०६ जना चितवनका हुन् भने तीन सयजना जिल्लाबाहिरका रहेका छन्। जिल्लामा सङ्क्रमितमध्ये सबैभन्दा धेरै भरतपुर महानगरपालिकाका १४६ जना र सबैभन्दा कम माडी नगरपालिकाका आठजना रहेका छन्।

यस्तै, रत्ननगर नगरपालिकाका ४५ जना, खैरहनी नगरपालिकाका ३० जना, राप्ती र कालिका नगरपालिकाका २७/२७ जना र इच्छाकामना गाउँपालिकाका २३ जना रहेका छन्। सङ्क्रमितमध्ये एकजनाको मृत्यु भएको छ। साउनयता आएका बिरामीमध्ये तीन हजार २८० जनामा डेङ्गीको सङ्क्रमण पुष्टि भएको छ। १० हजार ५७३ जनाको परीक्षणका क्रममा उनीहरूमा डेङ्गीको सङ्क्रमण पुष्टि भएको हो।

जसमध्ये दुई हजार ५२० जना चितवनका रहेका छन् भने ७६० जना जिल्लाबाहिरका रहेका छन्। जिल्लामा सङ्क्रमितमध्ये दुईजनाको मृत्यु भएको छ।

# नेप्से परिसूचक उकालो लाग्दा ११ अर्ब ३१ करोडको कारोबार

काठमाडौं, २६ कात्तिक/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमवार पनि उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २२ दशमलव १४ अङ्कले उकालो लागेर दुई हजार ७६० दशमलव २१ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ६१ अङ्कले उकालो लागेर ४९० दशमलव ७२ मा पुगेको छ। कारोबार भएका कुल १३ उपसमूहमध्ये पाँच उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा आठ उपसमूहको

(बाँकी पाँचौं पातामा)



**जयपुरजात्राः** दार्चुलास्थित लेकम गाउँपालिका–५ जयपुरस्थित लाटिनाथ मन्दिरमा आयोजित जयपुरजात्रामा सहभागी हुन जाँदै स्थानीयहरू। तस्बिर : किरणराज विष्ट/रासस

# चितवनमा १० प्रकारका आलुको अध्ययन

चितवन, २६ कात्तिक/रासस

जिल्लामा आलुका जातको अध्ययन शुरू गरिएको छ। जिल्ला कृषि विकास कार्यालय चितवनले आफ्नो वार्षिक कार्यक्रम अन्तर्गत धान, मकै र आलुको उन्नत जात तथा स्वदेशी हाइब्रिड जात, जातिको अध्ययन परीक्षण तथा प्रविधि अनुसरण कार्यक्रम अन्तर्गत आलुका जातहरूको अध्ययन शुरू गरेको हो।

कार्यालयका सूचना अधिकारी सुरुचि त्रिपाठीका अनुसार कृषकलाई अनुदानको कार्यक्रम गर्दै आएको कार्यालयले यस वर्ष अध्ययन कार्यक्रम गरेको हो। विभिन्न १० प्रकारका आलुको अध्ययन शुरू गरिएको उनले जानकारी दिए। अध्ययन शुरू गरिएका आलुमा ०.५२, २५.७, एल्बर स्टोन रसेट, क्यामेन, स्यागिटा, क्युन्टेरा, इनोभेटरलगायत जातको अध्ययन परीक्षण थालिएको हो। यस्तै, फ्राइसोना, सन्ताना र स्थानीय नीलो जातको आलुको अध्ययन गर्न लागिएको उनले बताए।

उनका अनुसार अहिले जातीय परीक्षण तथा औद्योगिक आलुबारे अध्ययन शुरू गरिएको छ। औद्योगिक आलुका रूपमा फ्रेन्चफ्राई, चिप्सजस्ता वस्तु उत्पादनका लागि आलु चितवनमा उत्पादन गर्न सकिन्छ कि सकिंदैन भन्ने अध्ययन थालिएको हो। एउटा जातको २५ किलो आलुका दरले कृषक र रामपुर कृषि क्याम्पस खैरहनीमा अध्ययन थालिएको हो।

खैरहनी नगरपालिका–१० कठारका कृषकको बारीमा आलु लगाइसकिएको छ भने क्याम्पसमा केही दिनमा लगाउने तयारी गरिएको छ। किसानले परापूर्वकालदेखि लगाउँदै आएका आलुभन्दा परीक्षणस्वरूप लगाइएका आलुको उत्पादन, आकार, लोकप्रियता, स्वाद, रोग कीराको आक्रमण, बिक्री वितरणमा सहजतालगायत विषयमा अध्ययन गरिने उनले बताए।

आलुको उत्पादन क्षमता हेरेर यस क्षेत्रमा कुन आलु लगाउँदा बढी प्रतिफल लिन सकिन्छ भन्ने विषयमा अध्ययन गरिने सूचना अधिकारी त्रिपाठीले बताए। उत्पादन सफल भएमा स्थानीय कच्चा पदार्थ प्रयोग गरेर उत्पादन बढाएर व्यावसायिक आलुखेतीमा कृषकलाई संलग्न गराउन मदत पुग्ने कार्यालयका प्रमुख झलकनाथ कँडेलले बताए।

उनले भने–"आलुखेती गर्ने कृषकका लागि यो अध्ययन फलदायी हुनेछ।" जिल्लामा गत आर्थिक वर्षमा १,९९० हेक्टर क्षेत्रफलमा आलुखेती गरिएको थियो। जसबाट ४९,६७६ मेट्रिक टन आलु उत्पादन भएको उनले जानकारी दिए। क्षेत्रफल र उत्पादन बढाउन यो प्रयोग फलदायी हुने उनले विश्वास व्यक्त गरे।

# मधेस प्रदेशका सात स्थानमा उपनिर्वाचन

धनुषा, २६ कात्तिक/रासस

मधेस प्रदेशका सात स्थानमा आगामी मङ्सिर १६ गते उपनिर्वाचन हुने भएको छ। प्रदेशको सप्तरी, धनुषा, महोत्तरी, रौतहटका सात स्थानमा निर्वाचन हुन लागेको हो।

सप्तरीको डाक्नेश्वरी नगरपालिका–१ र ४, धनुषाको धनुषाधाम नगरपालिका–१, महोत्तरीको रामगोपालपुर नगरपालिका–२, रौतहटको ईशनाथ नगरपालिका–७, रौतहटको राजपुर नगरपालिका–६ र बाराको गढीमाई नगरपालिका–८ मा उपनिर्वाचन हुन लागेको हो।



**नदीमा बाँसको पुलः** हुलाकी राजमार्ग अन्तर्गत धनुषा र सिरहालाई जोड्ने कमला नदीमा बनाइएको बाँसको अस्थायी पुलबाट नदी आरपार गर्दै यात्री । नदीमा बनाइएको पक्की पुल सञ्चालनमा नआउँदै बाढीले भत्काएपछि सर्वसाधारणलाई आवतजावतमा सहजताका लागि नदीमा सिराहा नगरपालिकाले बाँसको पुल बनाएको छ । तस्बिरः अमरेन्द्रकुमार यादव/रासस

Samriddhi Finance
Partnership for Prosperity

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड

मुख्य कार्यालय, हेटौंडा, मकवानपुर

## कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८१/०७/२७

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडका तपसिलमा उल्लिखित तपाईं ऋणीहरूले कर्जा उपभोग गर्दै आउनुभएकोमा उक्त कर्जाको यस वित्तीय संस्थालाई समयसमयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि भुक्तान गर्न आउन तपाईंलाई पटकपटक लिखित एवं मौखिकरूपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्न चासो नदेखाइ बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र वित्तीय संस्थामा उपस्थित हुनु भई तपाईं ऋणीले बुझाउनुपर्ने सम्पूर्ण कर्जा रकम, सोको ब्याज तथा दै-दस्तुरसमेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरिलिनुहुन सूचित गरिन्छ । अन्यथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूचीसम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असुली तथा धितो गैरबैंकिङ सम्पत्ति बिक्रीसम्बन्धी कार्यविधिलगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्तासमेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाहीसमेत अगाडि बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरूले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला ।

**तपसिल**

| **ऋणी तथा धितोको विवरण** | **व्यक्तिगत जमानी दिनेको विवरण** |
|---|---|
| **१) नामः गोल्डेन हिल एग्रो फार्म प्रा.लि.,** दर्ता नंः २३१२१२/०७६/०७७ मितिः २०७६/०९/१०, स्थायी लेखा नंः ६०९६८९६३१, रजिष्टर्ड ठेगानाः मकवानपुर जिल्ला, बकैया गापा वडा नं ११ कुन्चिपोकल । **धितोको विवरणः** शैलेन्द्र पाण्डेको नाममा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला ठिगन गाविस/नपा वडा नं ८ किनं१२९ क्षेफ १७-०-२-१ (रोपनी)....................१, ऐऐ किनं ५ क्षेफ२-०-२-३ (रोपनी).....................१, ऐऐ किनं १३० क्षेफ १४-०-०-० (रोपनी)...............१, **व्यक्तिगत जमानी दिनेको विवरणः नामः एली राई पाण्डे,** ससुराः अशोककुमार पाण्डे, पतिः शैलेन्द्र पाण्डे, नाप्रनंः२५-०१-७५-०६२८४, जारी जिल्ला/जारी मितिः भक्तपुर, २०७५/१०/११, स्थायी ठेगानाः नुवाकोट जिल्ला, लिखु गाविस/उमनपा वडा नं ३, हालको ठेगानाः भक्तपुर जिल्ला, सूर्यविनायक नपा वडा नं २ । संस्थागत जमानतः गोल्डेन हिल एग्रो फार्म प्रा.लि., अख्तियारप्राप्त व्यक्तिको नामः शैलेन्द्र पाण्डे, **कर्जा शीर्षक :** कृषि कर्जा, पुतलीसडक | **नामः शैलेन्द्र पाण्डे,** बाजेः कृष्ण विक्रम पाण्डे, बुबाः अशोककुमार पाण्डे, नाप्रनंः ०४-०१-७०-१७४७५, जारी जिल्ला/मितिः भक्तपुर, २०७०/०४/२८, स्थायी ठेगानाः भक्तपुर जिल्ला सूर्यविनायक नपा वडा नं २, हालको ठेगानाः भक्तपुर जिल्ला, सूर्यविनायक नपा वडा नं २ <br> **नामः अशोककुमार पाण्डे**, बाजेः, बुबाः कृष्ण विक्रम पाण्डे, नाप्रनंः ९९०१/५१२९, जारी जिल्ला/मितिः झापा, २०३३/०९/१६, स्थायी ठेगानाः झापा जिल्ला, पृथ्वीनगर गाविस/उमनपा वडा नं ९, हालको ठेगानाः भक्तपुर जिल्ला, सूर्यविनायक नपा वडा नं २ <br> **नामः चन्द्रकला राउत,** बुबाः नैनबहादुर राउत, ससुराः कृष्ण विक्रम पाण्डे, पतिः अशोककुमार पाण्डे, नाप्रनंः ९९०१५२६४, जारी जिल्ला/मितिः झापा, २०४२/१०/०१, स्थायी ठेगानाः झापा जिल्ला, पृथ्वीनगर गाविस/उमनपा वडा नं ९, हालको ठेगानाः भक्तपुर जिल्ला, सूर्यविनायक नपा वडा नं २ |
| **२) नाम : मीनदेवी (द्योला) पोडे,** ससुराः शिवलाल पोडे बुबाः कालीबहादुर पोडे (द्योला), स्थायी ठेगानाः भक्तपुर-११, भक्तपुर, हालको ठेगानाः बौद्ध-६, काठमाडौं, नाप्रनंः ८५३९, जारी मितिः २०५९/०५/०७, जिल्लाः भक्तपुर, **कर्जा शीर्षक/शाखा :** सहुलियत कर्जा, पुतलीसडक | **नामः सानुलाल देउला,** बाजेः कलुचा देउला, बुबाः सानुबहादुर देउला, नाप्रनंः २१७२८, जिल्लाः भक्तपुर, जारी मितिः २०५५/०८/२७, स्थायी ठेगानाः भक्तपुर-११, भक्तपुर, हालको ठेगानाः चाँगुनारायण-९, भक्तपुर, <br> **नामः बुद्ध नेपाली,** बाजेः भाइचा पोडे, बुबाः शिवलाल पोडे, नाप्रनंः ८२४२, जिल्लाः काठमाडौं, जारी मितिः २०५९/११/२२, स्थायी ठेगानाः काठमाडौं-३३, काठमाडौं, हालको ठेगानाः बौद्ध-६, काठमाडौं |
| **३) नामः रीता माया तामाङ,** ससुराः प्रताप सिं थिङ, पतिः नवराज थिङ, स्थायी ठेगानाः पदमपोखरी गाविस-८, मकवानपुर, हालको ठेगानाः मनहरि गापा वडा नं ७, मकवानपुर, नाप्रनंः ३१३०२१ ६०२, जारी जिल्ला/मितिः मकवानपुर, २०६३/११/२२, **कर्जा शीर्षक/शाखा :** सहुलियत कर्जा, हेटौंडा <br> **धितोको विवरणः** रीता माया तामाङको नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको पदमपोखरी गाविस वडा नं ८ किनं २६२५, क्षेफ ०-३-०-० (बिघा) | **नामः नवराज थिङ,** बाजेः तिलकबहादुर थिङ, बुबाः प्रताप सिं थिङ, नाप्रनंः ६१/४०२९१, जारी जिल्ला/मितिः मकवानपुर, २०६३/०८ ११, स्थायी ठेगानाः राक्सिराङ गाविस वडा नं ४, मकवानपुर, हालको ठेगानाः मनहरि गापा, वडा नं ७, मकवानपुर |
| **४) नामः हरि गोम्बा,** बाजेः मोतीलाल गोम्बा, बुबाः रामबहादुर गोम्बा, स्थायी ठेगानाः चुरियामाई-८, मकवानपुर, हालको ठेगानाः हेटौंडा-१५, मकवानपुर, नाप्रनंः ३०/२१४३१, जारी जिल्लाः मकवानपुर, जारी मितिः २०६२/०१/०५ <br> **कर्जा शीर्षक/शाखाः** व्यक्तिगत अधिविकर्ष कर्जा, हेटौंडा, **धितोको विवरणः** हरि गोम्बाको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला रातोमाटे ८ सिट नं ८ किनं ७२४, क्रमश क्षेफ ०-१-१३.२५-० बिघा | **नामः सङ्गीता गुरुङ,** ससुराः रामबहादुर गोम्बा, पतिः हरि गोम्बा, स्थायी ठेगानाः पुतलीबजार-२, स्याङ्जा, हालको ठेगानाः हेटौंडा-१५, मकवानपुर, नाप्रनंः ४२१०६२/३/१४४, जारी जिल्ला/मितिः मकवानपुर, २०६९/०२/२८ <br> **नामः पातली गोम्बा,** ससुराः मोतीलाल गोम्बा, पतिः रामबहादुर गोम्बा, स्थायी ठेगानाः रातोमाटे-८, मकवानपुर, हालको ठेगानाः हेटौंडा-१५, मकवानपुर, नाप्रनंः ४७०, जारी जिल्ला/मितिः मकवानपुर, २०४४/१०/११ <br> **नामः रामबहादुर गोम्बा,** बाजेः सेले गोम्बा, बुबाः मोतीलाल गोम्बा, स्थायी ठेगानाः रातोमाटे-८, मकवानपुर, हालको ठेगानाः हेटौंडा-१५, मकवानपुर, नाप्रनंः ०४९५, जारी जिल्ला/मितिः मकवानपुर, २०४०/०६/१० |
| **५) नामः लक्ष्मी ज्ञवाली अर्याल,** ससुराः खुमानन्द अर्याल, पतिः दीपक अर्याल, स्थायी ठेगानाः चन्द्रकोट गापा वडा नं ८, हालको ठेगानाः काठमाडौं मनपा वडा नं ९, काठमाडौं, नाप्रनंः ४१-०१-७१-००२५६, जारी मितिः २०७१/०१/१४, जिल्लाः गुल्मी, **कर्जा शीर्षक/शाखाः** सहुलियत कर्जा, पुतलीसडक | **नामः दीपक अर्याल,** बाजेः पदमलाल अर्याल, बुबाः खुमानन्द अर्याल, नाप्रनंः ४० १०४९/११४४, जारी जिल्ला/मितिः अर्घाखाँची, २०६९/०३/०४, स्थायी ठेगानाः तुराङ्ग गापा वडा नं ४, गुल्मी, हालको ठेगानाः काठमाडौं-९, भीमसेनगोला |

## फरक समाचार

# टाढा भएर पनि सम्बन्ध बलियो बनाउने उपाय

आजको व्यस्त जीवनमा जिम्मेवारी बढेको छ । मानिसहरू राम्रो भविष्यका लागि दिनरात मिहिनेत गर्छन् । शिक्षा राम्रो होस् वा राम्रो करियरको विकल्पहरू, मानिसहरू टाढा देशमा गएर काम गर्न वा उच्च शिक्षा लिन्छन् । यस्तो



अवस्थामा आफ्नो सम्बन्ध कायम राख्नु चुनौतीपूर्ण काम हो । यदि तपाईंले उचित प्रयास गर्नुभयो भने सम्बन्ध हरेक परिस्थितिमा बलियो रहन सक्छ । यस्ता सात गलती छन्, जसको कारण टाढिएर सम्बन्ध कमजोर बन्न सक्छ । यी गलतीबाट तपाईंको जीवनसाथीसँगको सम्बन्ध र विश्वास टाढा हुन सक्छ ।

**कम्युनिकेशन ग्याप :** लामो दूरीको सम्बन्धमा सञ्चार कायम राख्नु सबैभन्दा महत्त्वपूर्ण कार्य हो । जसका कारण एकअर्कालाई बुझ्न समस्या हुँदैन र एकअर्काप्रतिको विश्वास कायम रहन्छ । नियमित कुरा नगर्ने हो भने एकअर्कासँग दूरी बढ्छ । कुराकानी, भिडियो च्याटमार्फत जीवनसाथीसँग सदैव सम्पर्कमा रहनुपर्छ ।

**अनावश्यक शङ्का :** सम्बन्धमा विश्वासको कमी भयो भने सम्बन्ध बिग्रन सक्छ । आफ्नो पार्टनरलाई बारम्बार शङ्का गर्दा उनीहरूमा निराशा र तनाव उत्पन्न हुन्छ । त्यसैले, आफ्नो विश्वास देखाएर सम्बन्ध बलियो बनाउनुपर्छ ।

**एकअर्काको प्राथमिकताको सम्मान नगर्ने :** सबैको शिक्षा, सपना, जोश हुन्छ र जीवनलाई हेर्ने दृष्टिकोण फरक हुन्छ । यस्तो अवस्थामा जीवनसाथीसँग टाढा भएर पनि उसको सदैव नजीक बन्ने प्रयास गर्नुपर्छ । उसको पनि प्राथमिकताहरू बुझेर समर्थन गर्नुपर्छ ।

**अति स्वार्थी नबन्ने :** अत्यधिक अधिकार व्यक्त गर्नाले सम्बन्धमा तिक्तता आउँछ । जीवनसाथीलाई उचित स्वतन्त्रता दिनुपर्छ र आफ्नो र उसको समयको सम्मान गर्नुपर्छ ।

**महत्त्वपूर्ण कुराहरू लुकाउने :** लामो दूरीको सम्बन्धमा पारदर्शिता निकै महत्त्वपूर्ण हुन्छ । आफ्नो भावना, चिन्ता वा समस्या पार्टनरसँग साझा गर्नुहोस्, जसले भ्रम उत्पन्न नहोस् ।

**एउटै जीवन जिउने :** एउटै प्रकारको कुराकानी र दिनचर्याले सम्बन्धलाई बोरिङ बनाउन सक्छ । त्यसैले कहिलेकाहीं भर्चुअल डेटमा गएर, सरप्राइज गिफ्ट वा नयाँ तरीका प्रयोग गरेर सम्बन्धमा ताजापन कायम राख्ने प्रयास गर्नुपर्छ ।

**भेट्ने योजना नबनाउने :** भर्चुअल भेटघाट मात्र गर्नुहुँदैन । सकेसम्म भेट्ने प्रयास गर्नुहोस् र यसको लागि योजना बनाउनुहोस् । यसले सम्बन्धलाई बलियो बनाउन मदत गर्छ ।

# चीसो मौसममा आलुको फाइदा

चीसो बढ्दै गएको अवस्थामा केही सामान्य रोगले शरीरलाई अस्वस्थ बनाउन थाल्छ । यतिबेला जीवनशैलीमा सावधानीपूर्वक परिवर्तन गर्नुपर्छ । यस्तो अवस्थामा हरेक घरमा प्रयोग हुने आलु यो चीसो मौसममा निकै फाइदाजनक र प्रभावकारी साबित हुन सक्छ । तर उपभोग गर्ने विधि सही हुनुपर्छ । यसबारे आयुर्वेद चिकित्सकले के भनेका छन्, जानौं :



भारतको आयुर्वेदिक अस्पताल नगर बलियाका मेडिकल अफिसर इन्चार्ज डा सुभाषचन्द्र यादवका अनुसार हरेक घरको भान्सामा आलु सजिलै पाइन्छ । यसले एउटा मात्र होइन, धेरै रोगलाई नियन्त्रण गर्न मदत गर्छ । आलुमा धेरै पोषक तत्त्व भरिपूर्ण हुन्छन् ।

**आलुको उपभोग र लाभ लिने सही तरीका :** आलुमा पाइने फाइदाजनक तत्त्व यसको बोक्रामा मात्र पाइन्छ । यसको बोक्रा निकालेर खाँदा मानिसहरू यसका अचम्मको फाइदाबाट वञ्चित हुन्छन् । आलुमा तातो स्वभाव हुने भएकोले चीसोमा यो निकै फाइदाजनक हुन्छ ।

**मुटुको लागि :** यसको बोक्रामा पोटासियम पाइन्छ, जसले हृदयघातजस्ता सम्भावनालाई कम गर्न सफल हुन्छ ।

**छालामा हुने फाइदाहरू :** यसको बोक्रामा एन्टिअक्सिडेन्ट, फेनोलिक र फङ्गल इन्फेक्शन हटाउने क्षमता हुन्छ । यसले छालालाई सफा र सुन्दर बनाउन र दाग धब्बाबाट बचाउन सक्छ ।

**हाड मजबूत :** यसमा म्याग्नेशियम, फास्फोरस, क्याल्सियम, आइरन, पोटासियम, कपर र जिङ्कजस्ता पोषक तत्त्वहरू प्रशस्त मात्रामा पाइन्छ जसले हाडलाई मजबूत बनाउँछ ।

**कब्जियतको लागि रामबाण :** यसमा घुलनशील र अघुलनशील दुवै तत्त्वहरू पाइन्छन् । एउटाले कोलेस्ट्रोल घटाउँछ र रगतमा चिनी नियन्त्रण गर्छ भने अर्कोले पाचन प्रणालीमा सुधार गरेर कब्जियतबाट छुटकारा दिन सक्छ ।

**क्यान्सर रोकथाम :** यसको बोक्रामा भिटामिन सी र भिटामिन ई, क्लोरोजेनिक एसिड, क्याफेरोल र ग्यालिक एसिड पनि पाइन्छ, जसले गर्दा भविष्यमा क्यान्सरको जोखिम कम हुन्छ । यसका साथै आलुको बोक्राको सेवनले शरीरमा हुने धेरै रोग निको हुन्छ ।

**ध्यान दिनुपर्ने कुरा :** आलु धेरै खानुहुँदैन नत्र फाइदाको सट्टा हानि हुन सक्छ । रक्तचाप र चिनी रोगीले यसको सेवन गर्नुहुँदैन । यदि कुनै पनि रोग पहिलेदेखि नै छ भने चिकित्सकसँग परामर्श आवश्यक छ किनभने विशेषज्ञले मात्र उमेर र रोग अनुसार कुनै पनि खानेकुराको सही मात्रा निर्धारण गर्न सक्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकाको विश्वविद्यालयमा गोली चल्दा एकजनाको मृत्यु, १६ जना घाइते

वासिङ्टन, २६ कात्तिक/क्युएनए

अमेरिकाको अलाबामा राज्यको टस्केगी विश्वविद्यालयमा गोली चल्दा एकजनाको मृत्यु हुनुका साथै अन्य १६ जना घाइते भएका छन्।

घटनाको अनुसन्धानका लागि मेशीनगन राखेको आरोपमा २५ वर्षीय एक व्यक्तिलाई पक्राउ गरिएको अलाबामा कानून प्रवर्तन एजेन्सीले एक समाचार विज्ञप्तिमार्फत जनाएको छ। विज्ञप्ति अनुसार मेशीनगन रूपान्तरण उपकरणका साथ ह्यान्डगन लिएर आरोपित घटनास्थलबाट बाहिर जाँदै गर्दा पक्राउ गरिएको थियो।

विश्वविद्यालयले कानून प्रवर्तनले घटनास्थललाई सुरक्षित गरेको र अलाबामा ब्युरो अफ इन्भेस्टिगेशनले अनुसन्धान गरिरहेको बताएको छ।

संयुक्त राज्य अमेरिकामा यस वर्ष अहिलेसम्म रिपोर्ट गरिएको कम्तीमा ४५४ वटा सामूहिक गोलीबारीमध्ये यो



टस्केगी विश्वविद्यालयमा घटना भएको क्षेत्र। तस्वीरः एपी

पनि एक हो।

गत अक्टोबर १९ मा अल्बानी स्टेट युनिभर्सिटीमा भएको गोली हानाहानमा एकजनाको मृत्यु भएको थियो भने अन्य धेरैजना घाइते भएका थिए। सोही दिन मिसिसिपीमा गोली चल्दा तीनजनाको मृत्यु भएको थियो भने अन्य आठजना घाइते भएका थिए। रासस

## ट्रम्पद्वारा टम होमनलाई 'बोर्डर जार' घोषणा

वाशिङ्टन, २६ कात्तिक/एएफपी

अमेरिकी राष्ट्रपति निर्वाचित डोनाल्ड ट्रम्पले आइतवार आगामी प्रशासनमा देशको सिमानाको निरीक्षण गर्न कट्टर आप्रवासन अधिकारी टम होमनलाई फिर्ता ल्याउने बताएका छन्।

७८ वर्षीय रिपब्लिकन उद्योगपतिले आफ्नो राष्ट्रपति कार्यकालको पहिलो दिनदेखि नै अमेरिकी इतिहासकै सबैभन्दा ठूलो कागजातविहीन आप्रवासीहरूको निर्वासन अभियान शुरू गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

"म पूर्व आइसिई निर्देशक र सीमा नियन्त्रणका दृढ समर्थक टम होमनलाई राष्ट्रको सीमाको जिम्मेवारीमा ('बोर्डर जार' का रूपमा) ट्रम्प प्रशासनमा सामेल हुने घोषणा गर्न पाउँदा खुशी छु"–ट्रम्पले आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोसलमा लेखेका छन्–"म टमलाई लामो समयदेखि चिन्छु र हाम्रो सीमाको प्रहरी र नियन्त्रणमा उहाँभन्दा राम्रो कोही छैन।"

ट्रम्पले होमनलाई 'सबै गैरकानूनी विदेशीलाई उनीहरूको मूल देशमा फिर्ता पठाउने' जिम्मेवारी दिइने बताए।

सन् २०२० को राष्ट्रपति निर्वाचनमा हार स्वीकार नगरेका ट्रम्पको नोभेम्बर ५ को मतदानमा उल्लेखनीय पुनरागमन भएको छ। यसले उनको कट्टर दक्षिणपन्थी दृष्टिकोणले प्रभुत्व जमाएको एक दशकभन्दा बढी अमेरिकी राजनीतिको सुरुआत गर्ने देखिन्छ।

आफ्नो चुनावी अभियानमा उनले कागजातविहीन आप्रवासीहरूविरुद्ध बारम्बार आक्रोश व्यक्त गरेर अमेरिकाको 'रगत विषाक्त पार्ने' व्यक्तिहरूबारे हिंसात्मक भाषा प्रयोग गरेका थिए।

अमेरिकी सरकारले मेक्सिकोसँगको दक्षिणी सीमा व्यवस्थापनमा वर्षौंदेखि सङ्घर्ष गरिरहेको भएपनि अमेरिकीहरूलाई बलात्कार र हत्या गर्ने आप्रवासीहरूद्वारा 'आक्रमण' भइरहेको दाबी गर्दै ट्रम्पले चिन्ता व्यक्त गरेका छन्।

र्‍याली भाषणहरूमा उनले स्थानीय तनावलाई अत्यधिक बढाइचढाइ बयान गरे र श्रोताहरूलाई आप्रवासन तथ्याङ्क र नीतिबारे भ्रममा पारे।

ट्रम्पको शासनकालमा बढेको हिंसात्मक अपराध राष्ट्रपति जो बाइडेनको प्रशासनमा हरेक वर्ष घटेको छ।

आप्रवासीहरू स्थानीय जनसङ्ख्याको अनुपातमा कम अपराध गर्छन्। यद्यपि महिला र बालबालिकामाथि हिंसात्मक आक्रमणका केही उच्च-प्रोफाइल मामिलाहरूमा विदेशी संदिग्धहरूको नाम राखिएका छन्। यसले रिपब्लिकनहरूलाई क्रोधित बनाएको छ।

मेक्सिकोबाट गैरकानूनीरूपमा सीमा पार गर्ने आप्रवासीहरूसँग अमेरिकी सीमा गश्तीको क्रममा हुने मुठभेडहरूको सङ्ख्या अहिले ट्रम्पको राष्ट्रपतिको अन्तिम वर्ष सन् २०२० जस्तै छ। यो सन् २०२३ डिसेम्बरमा मासिक रेकर्ड दुई लाख ५० हजार पुगेको थियो।

ट्रम्पले सन् १७९८ को एलियन एनिमिज एक्ट प्रयोग गरेर आप्रवासी गिरोहहरूलाई सम्बोधन गर्ने वाचा गरे। उक्त एक्टले सङ्घीय सरकारलाई शत्रु देशहरूका विदेशीहरूलाई पक्रन र निर्वासन गर्न अनुमति दिन्छ। यो 'अपरेशन अरोरा' नाम दिएको सामूहिक निर्वासन अभियानको हिस्सा हो।

अरोरामा एक भाइरल भिडियोमा सशस्त्र ल्याटिनोहरूले एउटा अपार्टमेन्ट ब्लकमा उपद्रो मचाएको देखाइएको थियो। यसले ल्याटिन अमेरिकी आप्रवासीहरूले शहरमा आतङ्क मचाएको झूटा कथाहरू फैलाएको थियो।

ओहायोको स्प्रिङफिल्डमा हाइटीका आप्रवासीहरूले स्थानीय बासिन्दाहरूका घरपालुवा जनावर खाँदैछन् भन्ने काल्पनिक कथा पनि ट्रम्पले प्रचार गरेका थिए। रासस

## रूसी आक्रमणमा छजनाको मृत्यु, युक्रेनद्वारा हवाई सतर्कता

किभ, २६ कात्तिक/एएफपी

देशको दक्षिणी भागमा रूसी आक्रमणबाट कम्तीमा छजनाको मृत्यु भएपछि युक्रेनी अधिकारीहरूले देशको अधिकांश भागमा हवाई आक्रमणको सतर्कता जारी गरेका छन्।

"ध्यान दिनुहोस्! सम्पूर्ण युक्रेनमा क्षेप्यास्त्रको खतरा! मिग-३१ के उडान भयो"–युक्रेनी वायुसेनाले टेलिग्राममा रूसी बमवर्षक विमानहरू हावामा रहेको पुष्टि गर्दै पोस्ट गरेको छ।

यस अघि रूसी हवाई आक्रमणमा दक्षिणी युक्रेनमा कम्तीमा छजनाको मृत्यु भएको छ। यो घटना मस्को र किभले एक अर्कामाथि रेकर्ड सङ्ख्यामा राति ड्रोन आक्रमण गरेको एक दिनपछि भएको हो।

क्षेत्रीय गभर्नरका अनुसार दक्षिणी शहर मिकोलाइभमा पाँचजनाको मृत्यु भएको छ भने जापोरिझ्जियामा भएको आक्रमणमा एकजनाको मृत्यु भएको र दर्जनौं घाइते भएका अधिकारीहरूले बताएका छन्।

"पाँचजनाको मृत्यु भएको छ"–मिकोलाइभका गभर्नर भिटाली किमले सोमवार बिहान टेलिग्राममा लेखे। यस अघि चारजनाको मृत्यु भएको बताइएको थियो। आक्रमणमा धेरै आवासीय भवनमा आगलागी भएको थियो।

पूर्वतर्फ करीब तीन सय किलोमिटर टाढा जापोरिझ्जियामा युक्रेनको राज्य आपत्कालीन सेवा एजेन्सीले रूसले गरेको तीनवटा हवाई आक्रमणमा एकजना पुरुषको मृत्यु भएको र धेरै भवन क्षतिग्रस्त भएको जनाएको छ।

जापोरिझ्जियाका गभर्नर इभान फेडोरोभका अनुसार पाँच बालबालिकासहित १८ जना घाइते भएका छन्। "चार, १६ र १७ वर्षका बालक र १५ र १७ वर्षका बालिकाले आवश्यक चिकित्सा सहायता पाएका छन्"–उनले टेलिग्राममा भने।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीका अनुसार शनिवार रातिदेखि आइतवार बिहानसम्म रूसले युक्रेनमाथि १४५ वटा ड्रोन प्रहार गरेको छ। यो द्वन्द्वका क्रममा एकै रातको आक्रमणमा अहिलेसम्मकै सबैभन्दा धेरै हो।

रूसले आइतवार मस्कोतर्फ लक्षित ३४ वटा युक्रेनी ड्रोन खसालेको पनि बताएको छ। यो सन् २०२२ मा युद्ध शुरू भएयता राजधानीमाथि गरिएको सबैभन्दा ठूलो आक्रमण प्रयास भएको बताइएको छ। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



उखु रोप्नका लागि खेत तयार गर्दैः कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१२ का किसान उखु रोप्नका लागि ट्र्याक्टरको सहायताले तयारी गर्दै। उखु खेतीबाट कम लागतमै बढी फाइदा हुने भएपछि किसान यस खेतीतर्फ आकर्षित भएका छन्। तस्बिरः राजेन्द्रप्रसाद पनेरू/रासस

## विष्णु महायज्ञको लागि कलशयात्रा



प्रस, परवानीपुर, २६ कात्तिक/

बारा जिल्ला, प्रसौनी गाउँपालिका-३ नौतनमा सोमवारदेखि विष्णु महायज्ञ शुरू भएको छ। मङ्सिर ५ गतेसम्म हुने विष्णु महायज्ञको अवसरमा आज कलशयात्रा सम्पन्न भएको छ।

बिहान १० बजे नौतन गाउँबाट परवानीपुर गाउँपालिका-५ बहुअरी, सानो नौतन, प्रसौनी बजार हुँदै त्रिवेणी खोलामा पुगेर जल भरी कलशयात्रा पुनः प्रसौनी, नकटुवा हुँदै महायज्ञस्थलमा पुगेको थियो।

महायज्ञमा वृन्दावनको रामलीला एवं लोकप्रिय कलाकारहरूको भजनकीर्तन हुने महायज्ञ आयोजक समितिका अध्यक्ष विश्वनाथ साह कानूले बताएका छन्।

कलशयात्रामा प्रसौनी गापाका अध्यक्ष विनोद जयसवाल, उपाध्यक्ष किरण देवी, वडाध्यक्ष छोटेलालप्रसाद साह, लोसपा नेता जीतेन्द्र सोनल, परवानीपुर गापाका अध्यक्ष रामक्षत्रीप्रसाद कुर्मी, स्थानीय जयप्रकाश गुप्ता, दीपक गुप्ता, नेका क्षेत्रीय सभापति सुनील गुप्ता, अम्बिका गुप्ता, सुरेश गुप्ता, श्याम तिवारी, सुजीत तिवारीलगायत महिला तथा बालबालिकाहरूको सहभागिता थियो।

### नेप्से परिसूचक ...

शेयर मूल्य भने उकालो लागेको छ।

कुल दुई करोड ४५ लाख ५७ हजार १५३ कित्ता शेयर रु ११ अर्ब ३१ करोड ५२ लाख सात हजार १२७ मा कारोबार भएको छ। नेप्सेका अनुसार सपोर्ट माइक्रोफाइनान्स, सामुदायिक लघुवित्त, गुराँस लघुवित्त, मानुषी लघुवित्त, सिर्जनशील लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ।

### परीक्षा बोर्ड ...

परिवर्तन आउने देखिएको अनेरास्ववियुले जनाएको छ।

यो तथ्याङ्कले राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय मातहतका संयन्त्रहरू तथा सम्बन्धित सरोकारवालाहरू कति गैरजिम्मेवार छन् र विद्यार्थीहरूको भविष्यसँग कसरी खेलवाड गरिरहेका छन् भन्ने प्रस्ट भएको अनेरास्ववियुले बुझाएको ध्यानाकर्षणपत्रमा उल्लेख छ।

परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मालाई ध्यानाकर्षणपत्र बुझाउँदै अनेरास्ववियुले राष्ट्रिय परीक्षा बोर्डको वेबसाइट पनि प्रभावकारी नरहेकोले वेबसाइट प्रभावकारी बनाउन आग्रह गरेको छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – खर्चवृद्धि | वृष – धनलाभ |
| मिथुन – कर्मप्राप्ति | कर्कट – प्रगति |
| सिंह – वादविवाद | कन्या – यात्रालाभ |
| तुला – कडापरिश्रम | वृश्चिक – ज्ञानोदय |
| धनु – उदरपीडा | मकर – विजय |
| कुम्भ – धनलाभ | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## प्रअ बमजनमाथि गोली प्रहार



घटनास्थल र अस्पतालमा उपचार गराउँदै बमजन। तस्वीरः सौजन्य

प्रस, वीरगंज, २६ कात्तिक/

मकवानपुरको बुद्ध मावि हात्तीसुढेका प्रधानाध्यापक बाग्मती गाउँपालिका-१ बोटगाउँ निवासी प्रेमबहादुर बमजनमाथि आइतवार गोली प्रहार भएको छ।

रौतहटको गोआटारमा आफन्तसँग भेट गरेर घर जाने क्रममा सर्लाही-सिन्धुलीको सीमामा पर्ने बाग्मती नदी किनारमा उनीमाथि हिजो गोली प्रहार भएको हो। उनको गालामा गोली लागेको र उपचारको लागि वीरगंज पठाइएको इलाका प्रहरी कार्यालय, कर्मैयाका प्रहरी सहायक निरीक्षक कमलबहादुर शाहीले बताए।

प्रारम्भिक अनुसन्धानमा बा.४प ६६४६ नम्बरको मोटरसाइकलमा सवार अज्ञात तीनजनाको समूहले गोली प्रहार गरी फरार भएको थियो।

प्रहरीले घटनामा संलग्नहरूको खोजी भइरहेको र तत्काल गोलीकाण्डबारे थप जानकारी प्राप्त नभएको जनाएको छ।

### गत आवको ...

छ। जसमा प्रदेश सरकारलाई रु ७६ अर्ब एक करोड ९९ लाख र स्थानीय तहलाई रु दुई खर्ब ६३ अर्ब ३९ करोड ६२ लाख बराबर हस्तान्तरण भएको देखिन्छ।

गत आर्थिक वर्षमा सरकारको विभाज्य कोषमा सङ्कलन भएको कुल रकम रु चार खर्ब १९ अर्ब ६४ करोड ३१ लाखमध्येबाट रु तीन खर्ब ८० अर्ब ८१ करोड ८८ बाँडफाँट भएको र रु ३८ अर्ब ८२ करोड ४३ लाख बाँडफाँट हुन बाँकी रहेको पनि महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

गत आवमा सरकारको कुल रु १८ अर्ब १२ करोड १२ लाख पेश्की बाँकी रहेको पनि उक्त विवरणमा उल्लेख छ। जसमा म्याद ननाघेको पेश्की रु सात अर्ब ६६ करोड ६३ लाख र म्याद नाघेको पेश्की रु १० अर्ब ४५ करोड ४९ लाख रहेको छ।

गत आर्थिक वर्षमा सरकारले कुल रु तीन खर्ब ६० अर्ब आठ करोड ७५ लाख बराबर ऋण उठाएको देखिन्छ। जसमध्ये वैदेशिक ऋण रु एक खर्ब २५ अर्ब ६६ करोड ६१ लाख र आन्तरिक ऋण रु दुई खर्ब ३४ अर्ब ४२ करोड १४ लाख रहेको छ। त्यस्तै, गत आर्थिक वर्षमा सरकारले सार्वजनिक ऋणको साँवा तिर्नका लागि रु दुई खर्ब २३ अर्ब २७ करोड ९५ लाख खर्च गरेको छ।

केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण अनुसार गत आर्थिक वर्षमा सरकारबाट रु ४१ अर्ब ७५ करोड ७८ लाख आन्तरिक ऋण लगानी भएको छ। त्यस्तै, सार्वजनिक संस्थानमा रु छ अर्ब ९९ करोड ४३ लाख बराबरको शेयर लगानी भएको तथा वैदेशिक शेयर लगानी रु २१ करोड ६० लाख बराबर रहेको महालेखा नियन्त्रक कार्यालयको विवरणमा उल्लेख छ।

गत आर्थिक वर्षमा सरकारले वैदेशिक ऋण तथा अनुदानबाट शोधभर्ना लिनुपर्ने करीब रु २४ अर्ब बराबर शोधभर्ना हुन बाँकी रहेको देखिएको छ। "शोधभर्ना हुन बाँकी वैदेशिक ऋण रकम रु १७ अर्ब नौ करोड २१ लाख छ। त्यस्तै, वैदेशिक अनुदानतर्फ रु छ अर्ब ७४ करोड पाँच लाखसमेत गरी शोधभर्ना हुन कुल बाँकी रकम रु २३ अर्ब ८३ करोड २६ लाख छ।

सरकारका बजेटरी निकायसँग रु ९७ अर्ब ८४ लाख र गैरबजेटरी निकायहरूसँग रु १९ अर्ब ९९ करोड ७० लाख रकमको जिन्सी तथा सम्पत्ति रहेको अभिलेख रहेको पनि कार्यालयले जनाएको छ।



**कोइलाभार मन्दिर क्षेत्रः** पर्सागढी नगरपालिकामा पर्ने ऐतिहासिक कोइलाभार मन्दिर अहिले पिकनिक खेल्ने स्पटको रूपमा परिचित हुन थालेको छ । सो क्षेत्रमा ऐतिहासिक मन्दिर हुनुका साथै रमणीय जङ्गल रहेकोले विशेषगरी भारतीयहरू पिकनिक खेल्न आउने गर्छन् । यही कात्तिक पूर्णिमा (कात्तिक नहान)को दिन शुक्रवार यस क्षेत्रमा रातभरि मेला लाग्ने मन्दिरका पुजारीको भनाइ छ । तस्वीरः प्रतीक

# सिराहा कारागारमा छानबीन समिति गठन

प्रस, वीरगंज, २६ कात्तिक/

सिराहा कारागारमा मद्यपान, लागूऔषध सेवन भइरहेको विषयमा जिल्ला प्रशासन कार्यालय, सिराहाले छानबीन समिति गठन गरेको छ ।

कारागारका नाइके र कैदीहरूले मद्यपान सेवन, मोबाइल प्रयोग र लागूऔषधको प्रयोगसमेत गरिरहेको समाचार बाहिरिएपछि प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाल नेतृत्वको टोलीले कारागारको अनुगमन गरेको थियो । तीनै तहका सुरक्षाकर्मीहरू सम्मिलित टोलीले अनुगमनको क्रममा सुर्ती र चुरोटहरू फेला पारेको थियो ।

कारागार व्यवस्थापन विभागले कात्तिक २३ गते जिल्ला प्रशासन कार्यालय, सिराहालाई सो सम्बन्धमा छानबीन समिति गठन गरेर १५ दिनभित्र प्रतिवेदन बुझाउन र दोषीमाथि कारबाई गर्न निर्देशन जारी गरेको छ । सोही अनुरूप प्रजिअ दाहालले प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद सोतीको नेतृत्वमा पाँच सदस्यीय छानबीन समिति गठन गरेको र समितिले आजदेखि काम शुरू गरेको छ । प्रजिअ दाहालले समितिले १५ दिनभित्र छानबीन गरेर प्रतिवेदन बुझाउने र दोषी देखिएकालाई कारबाई हुने बताए ।


## मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले,

- शरीरका विभिन्न अङ्गमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउँछ ।

**त्यसैले मधुमेहबाट बच्न,**

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य (ग्लुकोज) परिकार कम खाऔं,
- पेय पदार्थ, जङ्क फूड तथा तारेका, भुटेका पदार्थहरू नखाऔं,
- धूमपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरू नखाऔं,
- तनाव व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## परीक्षा बोर्ड जिम्मेवार बन्न माग

प्रस, वीरगंज, २६ कात्तिक/

अनेरास्ववियु काठमाडौं जिल्ला कमिटीले राष्ट्रिय परीक्षा बोर्डलाई जिम्मेवार बनाउन बोर्डका अध्यक्ष महाश्रम शर्मालाई सोमवार ध्यानाकर्षणपत्र बुझाएको छ ।

बोर्डका उत्तरपुस्तिका निरीक्षकले उत्तरपुस्तिका जाँचमा लापरवाही गरेको भन्दै अनेरास्ववियुले अध्यक्ष शर्माको ध्यानाकर्षण गराएको हो । खोटाङ केपिलासगढी गाउँपालिका–५ सप्तेश्वरस्थित थर्पुडाँडा माध्यमिक विद्यालयका छात्र शिवकुमार राईको उत्तरपुस्तिका नियतवश केरमेट गरेर परीक्षकले अनुत्तीर्ण गराएको आरोपसहित ती छात्रका आफन्तले बोर्डमा उजूरी दिएको र उजूरीका आधारमा राष्ट्रिय परीक्षा बोर्डले पुनः उत्तरपुस्तिका परीक्षण गरी उत्तीर्ण भएको सूचना सार्वजनिक गरेपछि अनेरास्ववियुले सो विषयमा चासो राखेको हो । अनेरास्ववियुले सो घटनामा संलग्न दोषीलाई कारबाई गर्न पनि माग गरेको छ ।

अनेरास्ववियु केन्द्रीय कमिटी सदस्य तथा काठमाडौं जिल्ला इन्चार्ज धर्मराज तिमिल्सिना नेतृत्वको टोलीले परीक्षा नियन्त्रक नन्दलाल पौडेलसँग यस विषयमा छलफल गरेको थियो । परीक्षा नियन्त्रकका अनुसार २०८० को एसइई नतीजा हेर्दा पुनर्योगको लागि निवेदन दिने १८,६१२ जना विद्यार्थीमध्ये ८४८ जना विद्यार्थीको नतीजा परिवर्तन भएको पाइएको अनेरास्ववियुले जनाएको छ ।

तीमध्ये २०० जना विद्यार्थीले कापी हेर्न पाउँ भनेर निवेदन दिएकामा ३६ जनाले विज्ञसँग बसेर उत्तरपुस्तिका हेरेको सङ्गठनले जनाएको छ । विज्ञले फकाएर कापी पुनः परीक्षण नगर्न दबाब दिंदादिंदै १६ जना विद्यार्थीले कापी पुनर्परीक्षणको लागि निवेदन दिएकामा १० जनाको नतीजा परिवर्तन भएर आएको तथ्याङ्कलाई हेर्दा उत्तरपुस्तिका पुनर्परीक्षण गर्दा ६२.५५ प्रतिशत विद्यार्थीको नतीजामा

(बाँकी पाँचौं पातामा)

# खेलकूदको संसार

## आयोजक बडनिहार क्लब टाइब्रेकरमा पराजित

प्रस, पर्सागढी, २६ कात्तिक/

बिरुवागुठी युथ क्लबको आयोजनामा पर्सागढी मिनी रङ्गशालामा सञ्चालित प्रथम बिरुवागुठी नकआउट फूटबल



तस्वीरः प्रतीक

प्रतियोगिता अन्तर्गत सोमवार सम्पन्न तेस्रो दिनको खेलमा जनकल्याण युवा क्लब बकुलिया विजयी भएको छ ।

आयोजक बिरुवागुठी युथ क्लबलाई टाइब्रेकरमा दुईका विरुद्ध चार गोलअन्तरले पराजित गर्दै बकुलिया विजयी भएको हो । निर्धारित समयमा दुवै टीम गोलरहित खेलेपछि टाइब्रेकरबाट निर्णय गरिएको थियो । आजको खेलमा 'म्यान अफ दी म्याच' बिरुवागुठीका दीपेश चौधरी घोषित भए । उनलाई खेलाडी लेखबहादुर तामाङले नगद, ट्रफीबाट सम्मान गरेका थिए ।

मङ्गलवार नवबुद्ध युवा क्लब झबराहा र निजगढ बाराबीच प्रतिस्पर्धा हुने क्लबका उपाध्यक्ष सोमी पाख्रिनले बताए ।

## विन्ध्यवासिनीमा कुश्ती प्रदर्शनी



प्रस, परवानीपुर, २६ कात्तिक/

वीरगंज महानगरपालिका–१९ विन्ध्यवासिनीमा कुश्ती प्रदर्शनी शुरू भएको छ ।

स्थानीय वीरबहादुर यादवले आयोजना गरेको कुश्ती प्रदर्शनीको उद्घाटन उपप्रमुख इम्तियाज आलमले गर्दै कुश्ती खेल मात्र नभई शारीरिक व्यायाम पनि भएको बताए । उनले कुश्तीले शरीर फुर्तिलो र मस्तिष्क चनाखो बनाउने भएकोले बाल्यकालदेखि आफ्नो मनपर्ने खेल रहेको बताए । उपप्रमुख आलमले कुश्ती प्रदर्शनीमा आवश्यक सहयोग गर्न महानगर तयार रहेको बताए ।

कार्यक्रममा वडाध्यक्ष मुकेश चौरसिया, नेपाली काङ्ग्रेस पर्सा क्षेत्र नं १ का कावा सभापति अनिल सिंह, ओमप्रकाश सर्राफ, धर्मराज यादवलगायतको सहभागिता थियो ।

## पार्कर खेलाडी दिनेशलाई अन्तर्राष्ट्रिय मदर टेरेसा पुरस्कार प्रदान

काठमाडौं, २६ कात्तिक/रासस

नेपालका पार्कर खेलाडी दिनेश सुनारलाई यस वर्षको 'अन्तर्राष्ट्रिय मदर टेरेसा पुरस्कार' प्रदान गरिएको छ । १८ पटक गिनिज बूक अफ वर्ल्ड रेकर्डमा नाम लेखाउन सफल सुनारले खेल क्षेत्रसँगै समाजमा पुऱ्याएको उत्कृष्ट योगदानको कदर गर्दै उनलाई नयाँ दिल्लीमा आयोजित विशेष समारोहमा सो पुरस्कार प्रदान गरिएको हो ।





दिनेश सुनारले आफ्नो प्लेटफर्म र पार्कौर कौशललाई विश्व रेकर्ड कायम राख्न मात्र नभई युवाहरूलाई प्रेरणा दिन, स्वस्थ जीवनशैलीलाई प्रोत्साहन गर्न र नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा चिनाउँदै आएका छन् । मानवतावादी सेवा, सामाजिक कार्य र शान्ति निर्माणका क्षेत्रमा योगदान दिने व्यक्तिहरू र संस्थाहरूलाई सम्मानित गरिने यो पुरस्कार स्वर्ण भारत परिवार नामक संस्थाले प्रदान गर्दै आएको छ । भारतका डा बेनेट फरनान्डेज, मेक्सिकोकी रीता अगुइलर गोन्जालेज, सिङ्गापुरकी डा म्यारी एङ, अमेरिकाकी डा लिनोरा पिटरसन, जिम्बाबेकी डा प्याट्रिसिया गोन्डे, बेलायतकी अलिसन चिबारालगायत समाजका विभिन्न क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका एक हजार एकजनामध्ये उनी नेपालबाट एकजना मात्र रहेका छन् ।

समर्पण र अनुशासनमार्फत सुनारले आफ्नो शारीरिक तन्दुरुस्ती र जोशले विशेषगरी खेलकूद र पहिचानको अवसर सीमित रहेका ग्रामीण समुदायमा सकारात्मक प्रभाव पार्न योगदान पुऱ्याउँदै आएका छन् ।

मदर टेरेसाका मूल्य–मान्यतासँग मेल खाने योगदानलाई प्रोत्साहित गर्न र प्रवर्द्धन गर्न स्थापना गरिएको यो पुरस्कार उपेक्षित समुदायको उत्थान, वञ्चित वर्गका लागि स्वास्थ्य सेवा र शिक्षा प्रदान गर्न तथा विश्व शान्ति र सौहार्दको भावना जागृत गराउन करुणा र निस्स्वार्थ सेवा गरेबापत प्रदान गर्ने गरिन्छ ।

पुरस्कार प्राप्त गरेपछि सुनारले विश्वभरिका सामाजिकरूपमा प्रभावशाली र बौद्धिक व्यक्तित्वसँगै आफू पनि सम्मानित हुन पाउँदा आफूले गरेको मेहनतले सार्थकता पाएको महसूस भएको बताउँदै नेपाललाई विश्वभर चिनाउन सकेकोमा गौरवान्वित भएको बताए ।

उनले भने–"नेपाली खेलाडीको रूपमा मैले पाएको सम्मानले विश्वभरिका युवाहरूलाई प्रेरित गर्छ, जतिसुकै चुनौती आए पनि चाहेको उपलब्धि हासिल गर्न सकिन्छ भन्ने सन्देश दिएको छ ।" हाल अमेरिकामा रहेर पार्करजस्तो उल्लेखनीय कलाबाट नेपाली खेलकूद र सांस्कृतिक आदानप्रदानमा सक्रिय हुने क्रममा विभिन्न प्रदर्शनी र विश्व कीर्तिमानी प्रवर्द्धनमा सक्रिय हुँदै आएका छन् । उनको यो अद्भुत कला सिटी अफ एक्रोनका मेयर डेनियल होरिगानले गत २१ अप्रिललाई 'दिनेश सुनार डे' नै घोषणा गरेका थिए भने अमेरिकाको हाउस अफ रिप्रेजेन्टेटिभले १० फेब्रुअरीमा सम्मान गरेको थियो ।

यतिमात्र होइन, गिनिज बूक अफ वर्ल्ड रेकर्ड्स डेमा संसारका उत्कृष्ट पाँच रेकर्ड होल्डरभित्र उनी पनि परेका थिए । उनले २०२१ मा अक्रोन, ओहायोमा भुटानी कम्युनिटी एशोसिएशन इंक, अक्रोनको सहयोगमा सनसाइन तेक्वान्दो एकेडेमीद्वारा आयोजित कार्यक्रममा ३० सेकेन्डमा सबैभन्दा पूर्ण ट्विस्ट ब्याकफ्लिप्सका लागि विश्व कीर्तिमान तोडेका थिए भने ९ मार्च २०२३ मा न्युयोर्कमा जिपिके फाउन्डेशनले आयोजना गरेको कार्यक्रममा एक मिनेटमा सबैभन्दा धेरै २१ पटक डाइभिङ गर्ने गिनिज वर्ल्ड रेकर्ड तोडेका थिए ।